# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष १० अङ्क २८ पूर्णाङ्क ४५४ २०८२ माघ ५ गते सोमबार Monday 19 Jan; 2026 पृष्ठ ८ मूल्य रू. १० ।–


## संयुक्त सङ्घर्ष समितिको तर्फबाट समितिका संयोजक सीपी गजुरेलद्वारा प्रेस–वक्तव्यमार्फत हार्दिक धन्यवाद ज्ञापन



काठमाडौं । नेपालका ६ वटा क्रान्तिकारी कम्युनिस्ट पार्टीहरूका बीच गठित संयुक्त सङ्घर्ष समितिद्वारा पुस २८ गते देशभरी मशाल जुलुस र २९ गते उपत्यका बन्दको आव्हान गरिएकोमा ती दुईवटै कार्यक्रममा खट्नुभएका ६ पार्टीका नेता, कार्यकर्ता तथा समर्थक र यस कार्यक्रमलाई विभिन्न कोणबाट सहयोग गर्ने सम्पूर्ण क्रान्तिकारी, वामपन्थी, प्रगतिशील तथा देशभक्त पार्टी, सङ्गठन तथा व्यक्तित्वहरूलाई हाम्रो संयुक्त सङ्घर्ष समिति हार्दिक धन्यवाद ज्ञापन गर्दछ भनिएको छ ।

# निर्वाचन बहिस्कारसम्बन्धी संयुक्त संघर्ष जारी : माघ ५ गते देशैभर विरोध प्रदर्शन

काठमाडौं । जेनजी विद्रोहपछि गठित सुशिला कार्की नेतृत्वको कठ्पुतली सरकारलाई विघटन गरी स्वाधीन संयुक्त जनसरकार र जनसंविधानको माग गर्दै संघर्षमा होमिएका ६ कम्युनिस्ट पार्टीले फागुन २१ को घोषित निर्वाचनको बहिस्कार गर्ने निर्णय गरेका छन् । र, संयुक्त रूपमा संघर्षका कार्यक्रम अगाडि बढाइरहेका छन् । क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालले मंसिर १६-१७ को चितवन बैठकबाट निर्वाचन बहिस्कारको निर्णय गरेपनि पौष २५ गते क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपाल, नेकपा बहुमत, वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी नेपाल, नेकपा जनपक्ष, ऋषि कट्टेलले नेतृत्व गरेको नेपाल कम्युनिष्ट पार्टी, समाजवादी कम्युनिष्ट पार्टी नेपालले संयुक्त रूपमा संघर्षको कार्यक्रम घोषणा गरेका थिए । ६ वटै कम्युनिस्ट पार्टीका नेताहरूले क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका महासचिव सीपी गजुरेल गौरवलाई संयुक्त संघर्ष समितिको संयोजक बनाएर संघर्षमा होमिएका हुन् ।

यो संघर्ष समितिले पौष २८ गते निर्वाचन बहिस्कारको आव्हान गर्दै देशैभरि मशाल जुलुस प्रदर्शन गऱ्यो । मशाल जुलुस प्रदर्शनको क्रममा काठमाडौं उपत्यकामा निर्वाचन बहिस्कारका लागि भोलिको बन्द सफल पारौं भन्ने आव्हानका निकालिएको मशाल जुलुस प्रदर्शनको क्रममा प्रहरीले हस्तक्षेप गरी असन क्षेत्रबाट क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका पीवीएम तथा ९ नं ब्यूरोका इन्चार्ज दिनेश शर्मा सागर, पोलिटब्यूरो सदस्य रामबहादुर बुढा, पोलिटब्यूरो सदस्य तथा कार्यालय सचिव गंगा पौडेल, हाँक टुडेकी सम्पादक मनु विक, क्रान्तिकारी कम्युनिस्ट पार्टीका केस पेशल दाहाल, राम नेपाली, मंगल तामाङलाई गिरफ्तार गरेको थियो ।

त्यसैगरी काठमाडौंको कोटेश्वर क्षेत्रबाट वैज्ञानिक समाजवादी विद्यार्थी संगठनका केन्द्रीय अध्यक्ष हिमांशु, केन्द्रीय सदस्य अच्युत कालिकोटे र क्रान्तिकारी दलित मुक्ति मोर्चाका केन्द्रीय संयोजक टेकबहादुर विकलाई गिरफ्तार गऱ्यो भने ललितपुरको लगनखेलबाट वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टीका नेताहरू बुद्धलक्ष्मी महर्जन, फूलमती, बमबहादुर विश्वकर्मा, साया किरण, सरल र क्रान्तिकारी कम्युनिस्ट पार्टीका नेता शिव धिमाललाई पक्राउ गऱ्यो ।

त्यसैगरी काठमाडौंको कलंकी क्षेत्रबाट अखिल (क्रान्तिकारी) का अध्यक्ष बिरेन्द्र शाह, उपाध्यक्ष रूपा बुढामगर, महासचिव उषाकिरण आजाद, सचिवालय सदस्यहरू सर्जन पाण्डे, पारस राहादी मगर र छत्र विक, केन्द्रीय सदस्यहरू लक्ष्मी पाण्डे, सक्षम विक, सुप्रिया नेपाली, बजिरसिंह नेपाली, समिर विक, स्वस्तिक अधिकारी र सञ्जु राई, साथै क्याम्पस जिल्ला सह-सचिव लोकराज शाही र जिल्ला सदस्य कमराज पाण्डे गरी जम्मा १६ जनालाई प्रहरीले गिरफ्तार गऱ्यो ।

उता चावहिलबाट नेकपा (जनपक्ष)का प्रवक्ता दिनेश बर्तौला, जनपक्षीय ट्रेड युनियन महासंघका अध्यक्ष कुमार, महासचिव राजेन्द्रलाई प्रहरीले गिरफ्तार गरेको थियो ।

त्यसैगरी प्राप्त समाचार अनुसार विराटनगरमा निकालिएको मशाल जुलुसमा हस्तक्षेप गरी क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका विविएम सुरेन्द्र भण्डारी, केस विमल निरौला, सुमन पराजुली, नेकपा (बहुमत)का कृष्ण चौलागाई, सुमन पौडेल चतुरलाल राई र नकपा सतिलाल चौधरी लगायतलाई प्रहरीले गिरफ्तार गरेको थियो ।

उता नेपालगञ्जमा निकालिएको मशाल जुलुसमा पनि प्रहरीले हस्तक्षेप गरी क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका पीवीएम दिपक शाही, केस गुणनिधि आचार्य लगायतलाई पनि पक्राउ गरेको थियो ।

शान्तिपूर्ण रूपमा गरिएको प्रदर्शनमा राज्यले गरेको फासिवादी दमन र गिरफ्तारीको संयुक्त संघर्ष समितिका संयोजक सीपी गजुरेल गौरवले वक्तव्य निकालेर घोर विरोध गर्दै गिरफ्तार नेता कार्यकर्ताहरूको रिहाइका लागि जोडदार माग गर्नुभएको थियो । उपत्यका बाहिरका गिरफ्तार नेता कार्यकर्ताहरूलाई उही दिन साँझ अबेर छाडेपनि उपत्यकामा गिरफ्तार नेता कार्यकर्ताहरूलाई भने पौष २९ गते बेलुका मात्र रिहा गरेको थियो ।

पौष २९ गते विहान उपत्यका बन्दको आव्हान गर्दै र निर्वाचन बहिस्कारसम्बन्धी पर्चा वितरण गर्दैगर्दा प्रहरीले लछारपछार गर्दै पाँच बर्षकी बच्चीसहित ७ जनालाई प्रहरीले पक्राउ गऱ्यो । पक्राउ पर्नेहरूमा क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका युवा संगठनका केन्द्रीय संयोजक सूर्य तिमिल्सिना, पार्टीका केन्द्रीय सदस्यहरू शोभा सेन्चुरी र झनक श्रेष्ठ रहनु भएको थियो ।

पर्चा वितरणमा हस्तक्षेप गरी महिलाहरूलाई पुरुष प्रहरीले लछारपछार पार्न थालेको फोटो खिचेको भन्दै प्रहरीले झनक श्रेष्ठलाई आफ्नी पाँच वर्षकी छारीसहित पक्राउ गरेको थियो । सोही क्रमामा संयुक्त संघर्ष समितिका सदस्यहरूमा वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टीका नेताहरू लक्ष्मी सुनार, रूपा सुनार र भवन सेन्चुरीलाई पनि पक्राउ गरेको थियो । बाँकी ७ पेजमा

## निर्वाचन बहिस्कारसम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न



रूपन्देही । रूपन्देहीमा निर्वाचन बहिस्कार सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । रूपन्देही संघर्ष समितिका संयोजक लक्ष्मीकान्त पौडेलको अध्यक्षतामा सो कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रमको प्रमुख अतिथि क्रान्तिकारी कम्युनिष्ट पार्टीका स्थायी समिति सदस्य सन्तबहादुर नेपाली हुनुहुन्थ्यो । अतिथिहरूमा क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपालका स्थायी समिति सदस्य कृष्णराज पौडेल, नेकपा बहुमतका के.स. रेखा खनाल ,वैज्ञानिक समाजवादी कम्युनिष्ट पार्टीका केस शशी विश्वकर्मा ,समाजवादी कम्युनिष्ट पार्टी नेपालका के.स.छमबहादुर गुरुङ,नेकपा बहुमतका केस. विनोद मरासिनी वामपन्थी नेता प्रेम सुवेदी ,अधिवक्ता तथा नागरिक अभियन्ता पदम कार्की, वाम बुद्धिजीवि मीन बहादुर कुँवर हुनुहुन्थ्यो ।

कार्यक्रमका प्रमुख अतिथिले कार्यक्रमबारे बाँकी ७ पेजमा

# प्रा.डा.ताराकान्त पाण्डेयको दोस्रो वार्षिक स्मृति दिवस सम्पन्न

## तारा स्मृति पुरस्कारबाट रोशन जनकपुरी पुरस्कृत




काठमाडौं । प्रा.डा. ताराकान्त पाण्डेयको दोस्रो वार्षिक स्मृति दिवस समपन्न भएको छ । क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका महासचिव सीपी गजुरेल गौरवको प्रमुख आतिथ्यतामा सम्पन्न 'प्रा.डा. ताराकान्त पाण्डेको दोस्रो वार्षिक स्मृति दिवस एवम् पुरस्कार-सम्मान समारोह २०८२' कार्यक्रममा मार्क्सवादी साहित्यकार तथा चिन्तक रोशन जनकपुरीलाई पुरस्कृत तथा सम्मानित गरिएको छ । प्रमुख अतिथि गौरवले दोसल्ला ओढाएर रोशन जनपुरीलाई सम्मानित गर्नुभयो र १ लाख राशीको तारा स्मृति पुरस्कारबाट पुरस्कृत गर्नुभयो ।

प्रमुख अतिथि गौरवले साहित्य पनि बाँकी २ पेजमा

## खाँचो व्यक्ति होइन, व्यवस्था परिवर्तनको !



काठमाडौं । नेपालको अहिलेको राजनीतिको केन्द्रमा व्यक्ति खराब भए अमूक व्यक्तिको ठाउँमा अर्को अमूक व्यक्तिलाई स्थापित गरेपछि मुलुकमा विद्यमान सबै यावत समस्या जादुमय रूपमा हल हुन्छन् भन्ने भाष्य सुनियोजित रूपमा स्थापित गरिएको छ । राजनीतिमा सामान्य ज्ञान राख्नेहरूदेखि आफूलाई विज्ञ दावी गर्नेहरूले पनि यही भाष्य निर्माणमा भूमिका खेलिरहेका छन् । व्यक्ति परिवर्तनको राजनीतिले नेपालमा अहिले 'व्यक्तिवाद' र 'पुँजीवादी लोकप्रियतावाद'लाई हावी गराएको छ । बहस प्रणालीमा भन्दा व्यक्तिमा केन्द्रित गरिएको छ । जुन आम जनतालाई सत्य, तथ्य र यथार्थबाट ध्यान अर्कोतिर मोडेर मुठ्ठिभर अभिजतावर्गीय व्यक्तिहरूले सत्ता र व्यवस्थामा हाली मुहाली गरिराख्ने खेल हो ।

वास्तवमा समस्या व्यक्तिमा होइन प्रणालीमा छ, संसदीय व्यवस्थामा छ । विगत ३५ वर्षदेखिको संसदीय व्यवस्थाको अभ्यासले पटक पटक स्थापित भइसकेको छ कि व्यक्तिमा होइन, व्यवस्थामा समस्या छ । दशवर्षको जनयुद्ध यही व्यवस्था परिवर्तनका लागि भएको थियो तर यो पनि घुमाइफिराइ व्यक्ति परिवर्तनमै सिमित हुन पुग्यो । जनयुद्धको जनादेश अनुसार पुरानो बाँकी ७ पेजमा


# निर्वाचन बहिस्कार आन्दोलनको क्रममा गिरफ्तार नेता कार्यकर्ताहरु रिहा



काठमाडौँ । निर्वाचन बहिष्कार आन्दोलनका क्रममा पौष २८ गते पर्चा वितरण र मसाल जुलुसका क्रममा देशभर दर्जनौं कार्यकर्ताहरू गिरफ्तार भएका थिए । गिरफ्तार नेता तथा कार्यकर्ताहरू रिहा भएका छन ।

पौष २८ गते साँझ काठमाडौँको बाङ्गेमुडाबाट क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका पीबीएम तथा ९नम्बर ब्युरो इन्चार्ज दिनेश शर्मा, क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका पीबीएम रामबहादुर बुढा, क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका पीबीएम गङ्गा पौडेल, क्रान्तिकारी बाँकी ४ पेजमा

# यो चुनावको कुनै अर्थ र औचित्य छैन : मोहन वैद्य किरण



*(नेपालको कम्युनिस्ट आन्दोलनमा ६ दशकभन्दा बढी समयदेखि मार्क्सवादी विचार, दर्शन, राजनीति, संगठन, संघर्षलगायत समग्र क्षेत्रबाट महत्वपूर्ण योगदान गर्दै आउनु भएका र तीसको दशकदेखि क्रान्तिकारी धारको नेतृत्व गर्दै आउनुभएका एक अविचल आदर्श शीखर व्यक्तित्व तथा क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका निवर्तमान महासचिव मोहन वैद्य किरण अहिले स्वास्थ्य समस्याका कारण घरमै आराम गरिरहनु भएको छ । मार्क्सवादी दार्शनिक, सौन्दर्य चिन्तक, विचारक तथा दशवर्षे महान जनयुद्धका पहलकर्ता र नेपालको क्रान्तिकारी कम्युनिस्ट आन्दोलनका वैचारिक अभिभावकको रुपमा भूमिका निर्वाह गरिरहनुभएका कमरेड किरणसँग जेनजी विद्रोहपछि उत्पन्न राजनीतिक परिस्थिति वरिपरि केन्द्रित रहेर संक्षिप्त रुपमा गरिएको महत्वपूर्ण कुराकानीलाई यहाँ प्रस्तुत गरिएको छ । –सम्पादक)*

***भदौ २३–२४ को जेनजी विद्रोहपछि देशमा एउटा नयाँ राजनीतिक परिस्थिति उत्पन्न भएको छ । जेनजी विद्रोह र त्यसयता विकसित राजनीतिक घटनाक्रमलाई चाहिँ यहाँले कसरी हेरिरहनु भएको छ ?***

यो प्रश्न आजको सैद्धान्तिक, राजनीतिक दृष्टिले हेर्नुपर्दा निकै महत्वपूर्ण प्रश्न हो । भदौं २३ र २४ को जेनजी परिघटनालाई लिएर धेरै अन्यौलता पैदा भइरहेको छ । संसदवादी शक्तिहरू असफल भइरहेका थिए । आखिरमा ओली सरकार पनि ढल्यो । त्यो महत्वपूर्ण विषय होइन । बाँकी ७ पेजमा

## सम्पादकीय

# औचित्यहिन चुनाव बहिस्कार गरौं !

नेपालमा २०४६ सालयता संसदीय अभ्यास हुँदै आएको छ। संसदीय व्यवस्थाअन्तर्गत पटक पटक चुनाव भएका छन्। चुनावमा जितेका पार्टी र नेताहरूले जनअपेक्षा अनुसार काम गरेनन्। जनअवस्था चुनावले बदल्न सकेन। भ्रष्टाचार, व्यथिति, विभेद, अन्याय, अत्याचार, शोषण, दमन, उत्पीडनबाट देशका ९० प्रतिशत जनता आक्रान्त बने। मुठ्ठिभर अभिजात वर्ग, शोषक वर्ग, सामन्त तथा नोकरशाही वर्गले राज्यका सम्पूर्ण स्रोतसाधनमा एकाधिकार जमायो। तर, आम जनता राजनीतिक, आर्थिक, भाषिक, साँस्कृतिक देखि धार्मिक अधिकारबाट समेत बञ्चित हुनुपर्‍यो। परिणामतः संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रमा आधारित संसदीय व्यवस्थाको समूल अन्त्य गरी श्रमजीवी शोषित उत्पीडित वर्ग र समुदायको स्वाधीन जनवादी सरकारको स्थापनाको घोषित उद्देश्यसहित जनयुद्धको शंखघोष भयो। वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक रूपमा शोषण, दमन, भेदभाव र उत्पीडनमा परेका आदिवासी जनजाति, दलित, महिला, मधेसी, मुश्लिम, थारुदेखि सेती महाकाली क्षेत्रका श्रमजीवी जनता जनयुद्धमा सरिक भए। त्याग, तपस्या, वीरता र बलिदानका अद्बितीय कीर्तिमानहरू कायम भए। आधारइलाका, जनसरकार, जनअदालत, जनकम्युनका भ्रुणहरू अस्तित्वमा आए। सात डिभिजनसम्मको सेना निर्माण भयो। देशको ८० प्रतिशत भूभाग जनसरकार र जनमुक्ति सेनाको नियन्त्रणमा आयो। केवल सहर र सदरमुकाम मात्रै नियन्त्रणमा लिन बाँकी थियो। गाउँ गाउँबाट सामन्त, जमिन्दार, जाली, फटाहा, सिआइडी सुराकी सहर, सदरमुकाम भागे। गाउँ मुक्त भयो। श्रमजीवी जनताले इतिहासमा पहिलोपटक आफूलाई शक्तिशाली महसुस गरे। नयाँ इतिहासको निर्माण गरे। जनयुद्धले दशवर्षको यात्रा तय गर्दै गर्दा, रणनीतिक प्रत्याक्रमणको दोस्रो फौजी योजना कार्यान्वयनको चरणमा पुगेपछि नेतृत्वमा विचलन देखापर्‍यो। शान्तिवार्ता, १२ बुँदे समझदारी हुँदै वृहत् शान्तिसम्झौतातर्फ यात्रा मोडियो। घोषित उद्देश्य पूरा नहुँदै जनयुद्धको अन्त्य गरियो। एकपछि अर्को सम्झौताको चाङले जनयुद्धमाथि गम्भीर धोका र गद्दारी गर्‍यो। अन्ततः जनयुद्धको प्रमुख नेतृत्व संसदीय भासमा जाकियो। जनयुद्धका एजेण्डा सडकतिर मिल्काएर सत्तास्वार्थको नाङ्गो दौडमा लाग्यो। र, पुरानै संसदीय व्यवस्थाका प्रतिक्रियावादी शासकहरू (कांग्रेस-एमाले-राप्रपा)सँग अनुचित सम्पर्क र सम्बन्ध स्थापित गर्‍यो। पुराना संसदवादीहरूभन्दा अझ बढी भ्रष्ट, नालायक, निकम्मा बनेर उनीहरू राजनीतिक रंगमञ्चमा देखापरे। यसका विरुद्ध क्रान्तिकारी पंक्तिले विद्रोह गर्‍यो र निरन्तर जनविद्रोहको वकालत गरिरह्यो। व्यवस्था नबदली जनअवस्था बदलिदैन भनेर निरन्तर आवाज उठाइरह्यो। र, संसदीय व्यवस्थामा गरिने आवधिक चुनावले समस्याको समाधान गर्दैन, जनताको व्यवस्था र जनसंविधान अपरिहार्य छ भनेर निरन्तर रूपमा पैरवी गर्दै आयो। विगत १०-१२ बर्षमा यही क्रान्तिकारी शक्तिले स्थापित गरेको एजेण्डा र भाष्यलाई समातेर २०८२ भदौं २३-२४ मा जेनजी विद्रोह भयो। जेनजी विद्रोहको मुख्य माग- भ्रष्टाचार र अभिव्यक्ति स्वतन्त्रता थियो। जेनजी विद्रोहमाथि राज्यले फासिवादी दमन गर्‍यो। दमनको प्रतिरोध स्वभाविक थियो। तर देशीविदेशी शक्तिहरूले त्यो प्रतिरोधलाई भयानक विध्वंश र अराजकतामा परिणत गरिदिए। जेनजी विद्रोह हाइज्याक गरे। जनेजी विद्रोहले चाहेको भनेको वर्तमानभन्दा अग्रगामी र क्रान्तिकारी राज्यव्यवस्था नै थियो। संसदीय व्यवस्था भनेकै भ्रष्टाचारको पर्याय साबित भइसकेको अवस्थामा जनेजी विद्रोहलाई यथास्थितिमा कैद गरिनु जेनजी विद्रोहमाथिको घोर अपमान थियो, जसरी शान्तिसम्झौताबाट जनयुद्धमाथि घोर ऐतिहासिक अपमान र धोका भएको थियो। ७६ जनाको ज्यान जाने गरी भएको जनेजी विद्रोहलाई यही सत्ता, संविधान र व्यवस्थाभित्र नामेट पारियो। केवल केपी ओलीलाई सरकारबाट गलहत्याउनु यत्रो विध्वंश आवश्यक थियो। फेरि त्यही एक थान संसदीय चुनाव गर्नु थियो र त्यही संसद पुनर्स्थापना गर्नुथियो भने यत्रो विध्वंश किन मच्चाउनु पर्थ्यो ? आज एकथरि जेनजीहरू त्यही चुनाव, त्यही संसद, त्यही संविधानको रट लगाइरहेका छन् ? के बालेन, रवि वा अन्य कुनै बहादुरलाई प्रधानमन्त्री बनाउँदैमा यो देशको तमाम समस्या (राष्ट्रियता, जनतन्त्र र जनजीविका) समाधान हुन्छ ? कदापि हुँदैन। समस्या व्यक्तिमा मात्रै होइन, मूलरूपमा व्यवस्थामा छ। तसर्थ, व्यवस्था नबदली जनताको अवस्था बदलिन सक्दै सक्दैन। अन्ततः जनताले फेरि पनि भन्ने र महसुस गर्ने भनेको- 'जुन जोगी आए पनि कानै चिरेको' नै हो। तसर्थ, राज्यको यति ठूलो धनराशी र समय खर्चेर फेरि पनि एकाध मुठ्ठिभर अभिजातवर्गीय सम्भ्रान्त विदेशी दलालहरूलाई सत्तासिन गराउँदैमा तमाम समस्या समाधान हुन सक्दैनन् भन्ने कुरा पटक पटक साबित भइसकेको छ। तसर्थ, यो कथित संसदीय निर्वाचन औचित्यहीन छ। यसलाई घर घरबाट बहिस्कार गरिनु पर्दछ। विगतमा आफूले गरेको गल्तीबाट पाठ नसिक्ने जनताले कहिल्यै पनि न्याय पाउन सक्दैनन्। तसर्थ, जनताले विगतजस्तो यी भ्रष्ट, नालायक, निकम्मा पार्टी र नेताहरूलाई भोट दिएर आफ्नै अपमान गर्नुहुन्न, यो आत्मघाती र भावी सन्ततीहरूले समेत ठूलो मूल्य चुनाउनुपर्ने अक्षम्य अपराध हुन सक्दछ। तसर्थ, होशियार बनौं, यो कथित निर्वाचन बहिस्कार गरौं !

परिवर्तनको सम्वाहक

मूलबाटो

सत्यतथ्य निष्पक्ष खबर तथा विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं ।

www.moolbato.com

# दलीय संकटका सन्दर्भमा बढ्दो सुरक्षा खर्च



● डा. केशव देवकोटा ●

नेपालमा एकातिर दलीय संकट बढिरहेको छभने अर्कोतिर आगामी निर्वाचनको बहानामा सुरक्षा खर्चमा पनि अत्यधिक बृद्धि भएको देखिएको छ। नेपाली कांग्रसमा गतसाता जसरी एकाएक बिभाजन भयो, त्यसले मुख्यत संसदवादी दलहरूमा बढेको संकटलाई उजागर गरेको छ। खासमा अधिकांश संसदवादी दलहरूको अवस्था संकटग्रस्त रहेको छ। नेपालमा देखिएको दलीय संकट र सेना परिचालनको अवस्थाको बिषयलाई लिएर बिभिन्न कोणबाट ब्याख्या र बिश्लेषणहरू हुनथालेका छन्। गत भदौ २३ र २४ गते भएको बिध्वंशले देशमा आर्थिक, सामाजिक र राजनीतिक संकट बढाउने काम गरेको छ। सोही बिध्वंशलाई आधार बनाएर संसद बाहिरबाट प्रधानमन्त्रि नियुक्त गर्नुकासाथै त्यसरी नियुक्त प्रधानमन्त्रिको एकल सिफारिसका आधारमा संसद बिघटन गरिएका कारण देशको कानूनी राज्यको जगनै हल्लिएको अवस्था छ। उक्त बिध्वंश राजनीतिक थिएनभन्ने कुरा पछिल्ला घटनाक्रमहरूले स्पष्ट गरेका छन्। कुनैपनि राजनीतिक बिद्रोहले राजनीतिक ब्यवस्थाकै परिवर्तन गराउने काम गर्दछ। तर गत भदौमा भएको उक्त बिध्वंश त्यतिबेलाको नेपाली कांग्रेस र एमालेको गठबन्धन सरकार गिराउनमात्र केन्द्रित थियोभन्ने कुरा हाल आएर दिनको घाम जतिकै स्पष्ट भैसकेको छ। तत्कालीन माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल र पूर्ब माओवादी नेता डा. बाबुराम भट्टराईका पछिल्ला दिनका भनाई र काम गराईले पनि उपरोक्त कुराको पुष्टिगरेका छन्। देशको राष्ट्रिय सम्पतिमाथि भएको त्यो प्रहार र बिध्वंशको उहाँहरूले खुलेर समर्थन गरेको देखिएको छ। गत भदौ २७ को घटनाले नेपालमा प्रमुख दलहरूलाई किनारा लगाउन खोजेको र त्यसका पछाडि भारतीय शक्ति हाबि रहेको पनि कतिपय घटनाक्रमहरूले स्पष्ट गरेका छन्। नेपालमा राजनीतिक संकट बढ्दैगएको अवस्थामा यहाँका संसदवादी दलका नेताहरूको दिल्ली आवत-जावत पनि बढेको देखिएको छ। पूर्ब राजादेखि पूर्ब माओजादी केन्द्रका नेताहरूको दिल्ली दौडले धेरै कुराहरू स्पष्ट भएका छन्। जसका कारण नेपाली कांग्रेस र एमालेमामात्र नभएर स्वयं गत भदौ २३ र २४ को बिध्वंशलाई खुलेर समर्थनगर्दै आएको पुष्पकमल दाहाल नेतृत्वको नेपाली कम्युनिष्ट पार्टीमासमेत संकट बढेको देखिएको छ।

नेपाली कांग्रेस र एमालेलाई बिभाजन गराउन र अन्य पार्टीहरूलाई एकजुट गराउन पछिल्ला दिनमा भएका प्रयासले पनि धेरै कुराहरूको रहस्योद्‌घाटन गरेका छन्। नेपाली कांग्रेसमा नेतृत्व परिवर्तन गराउने र नभए फार्टीलाई बिभाजनमा पुर्‍याउने गतिबिधिहरू गत भदौदेखि नै तीब्र भएका थिए। नभन्दै गतसाता नेपाली कांग्रेस बिभाजित भएको छ। सो पार्टीका तत्कालीन महामन्त्रिद्वयले खेलेको भूमिका सन्देहास्पद रहेको थियो र छ पनि। त्यसैगरी एमालेबाट पनि खासगरी अध्यक्ष ओलीलाई किनारा लगाउन अझै पनि अथक प्रयास भैरहेको देखिएको छ। गत मंसिर २७-२९ मा भएको एमालेको ११ औं महाधिवेशनमा अध्यक्ष केपी ओली र वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलबीच अध्यक्ष पदमा भएको प्रतिश्पर्धाले सो पार्टी पनि झण्डै बिभाजन भएको थियो। हालसम्म पनि आगामी फागुनमा हुने भनिएको निर्वाचनका लागि उम्मेदवार र पार्टीका बिभिन्न समितिका पदाधिकारीहरूको छनोटका सन्दर्भमा प्रतिश्पर्धा भैरहेको देखिएको छ। दुवै पक्ष पार्टीका दोश्रोस्तरका प्रभावशाली नेताहरूलाई आआफ्नो पक्षमा पार्न हालसम्म पनि लागिपरेको पाइन्छ। एमालेले संसदको पुनर्स्थापनाका लागि सर्बोच्च अदालतमा रिट पनि दायर गरेको छभने आगामी फागुन २१ को निर्वाचनमा भाग लिन निर्वाचन आयोगमा पार्टी पनि दर्ता गरेको छ। संसद पुनर्स्थापनासम्बन्धी रिटमाथि हालसम्म टुंगो लाग्न सकेको छैन। हालसम्मका बिभिन्न गतिबिधि र भैरहेका बहसहरूले संसदको पुनर्स्थापना नहुनुपर्ने कुनै कारण देखिएको छैन। सो कुरालाई बुझेका नेपाली कम्युनिष्ट पार्टीका संयोजक तथा पूर्ब माओवादी नेता पुष्पकमल दाहाललेभने निर्वाचनको वातावरण बनाउन सबै राजनीतिक दलहरूको सहमति आवश्यक रहेको बताउन थाल्नुभएको छ। उहाँको दृष्टिमा हालको अवस्थामा निर्वाचन नै सबै समस्याको समाधान गर्ने/गराउने एकमात्र उपाय हो भन्ने रहेको छ। उहाँको प्रयास त्यस्तो सहमति जुटाउनेमा केन्द्रित रहेको देखिएको छ। पछिल्ला कतिपय कार्यक्रममा उहाँले आफ्नो पार्टी अब कि सच्चिने र नभए सक्किने अवस्था रहेको पनि बताउने गर्नुभएको छ।

अर्कोतिर सरकारले आगामी फागुन २१ मा हुने भनिएको प्रतिनिधिसभाको निर्वाचनलाई ध्यानमा राखेर भित्रभित्रै सेना परिचालन थालेको देखिएको छ। त्यसैगरी छिमेकी चीन र भारतले पनि नेपालमा बढ्दो राजनीतिक अस्थिरता र बिध्वंशका गतिबिधिलाई ध्यानमा राखेर नेपालतर्फको सीमामा कडा सुरक्षा प्रबन्ध गरेका समाचारहरू बाहिर आएका छन्। क्रान्तिकारी कम्युनिष्ट पार्टी र जेनजीका कतिपय समूहहरूले देशभक्त र बामपन्थीहरूको संयुक्त सरकारको मागगर्दै आन्दोलन थालेका समाचारहरू पनि बाहिर आउन थालेका छन्। जसका लागि क्रान्तिकारी कम्युनिष्ट पार्टीले बिभिन्न कार्यक्रमहरू सञ्चालनगर्दै गतसाता उपत्यका बन्द समेत गरेको छ। दोश्रो संविधानसभा र त्यसयताका कुनैपनि निर्वाचनहरूमा भाग नलिएको क्रान्तिकारी कम्युनिष्ट पार्टीले आफ्नो अभियानलाई निरन्तरता दिएको छ। प्रधानमन्त्री सुशीला कार्कीलेभने आगामी फागुन २१ मा हुने भनिएको निर्वाचनको सुरक्षाको जिम्मेवारी पूरागर्न नेपाली सेनालाई निर्देशन दिइसक्नु भएको अवस्था छ। गत महिना नै सैनिक मुख्यालयको निरीक्षणकाक्रममा प्रधानमन्त्री कार्कीले उपरोक्त निर्देशन दिनुकासाथै आवश्यक तयारीको निरीक्षणसमेत गर्नुभएको थियो। उहाँले त्यसक्रममा सरकारलाई प्राप्त जिम्मेवारी बमोजिम शान्तिसुरक्षाको प्रत्याभूतिसहित घोषित मितिमा स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन सम्पन्नगरी राष्ट्रिय अभिभारा पूरागर्ने अभियानमा सेनाको प्रमुख भूमिका रहेको बताउनुभएको थियो। उहाँले जनतालाई सुरक्षाको प्रत्याभूति दिन, प्रहरी कारवाहीलाई सहजीकरण, सहयोग र सुरक्षितगर्न तथा सबै राजनीतिक दलका राजनीतिक गतिविधिलाई बिनाअवरोध सञ्चालनगर्ने वातावरण सिर्जनागर्न स्पष्ट कार्ययोजनासहित अघिबढ्न निर्देशन दिन्छुसमेत भन्नुभएको थियो। प्रधानमन्त्रीले जेनजी आन्दोलनकाक्रममा लुटिएका र हराएका हातहतियारको खोजतलाससहित नियन्त्रणमा लिन प्रहरीलगायत सुरक्षा निकायसँग आवश्यक सहकार्यगर्न, मुलुकमा शान्ति सुरक्षा सुनिश्चितगर्न तथा फरार अपराधीलाई पक्रन खटिएका प्रहरीलाई सहयोगगर्न पनि सेना निर्देशन दिनुभएको थियो। त्यसैगरी नेपाली सेनाले बिद्यमान सुरक्षा अवस्था, प्रमुख चुनौती र आगामी योजनाबारे ब्रिफिङ्ग गरेको थियो। निर्वाचन सुरक्षामा सेना परिचालनको योजना र ढाँचाबारे पनि प्रस्तुतीकरणसमेत दिइएको थियो। राष्ट्रपति रामचन्द्र पौडेलले गत महिनानै आगामी फागुन २१ गते हुने प्रतिनिधिसभाको निर्वाचनका लागि नेपाली सेना परिचालनगर्ने स्वीकृति प्रदान गरिसक्नु भएको थियो र आवश्यक तयारी पनि थालिएको थियो।

माघ भित्रमा संसद पुनर्स्थापनासम्बन्धी रिटको समेत टुंगोलाग्ने भएकाले त्यसपछि नेपालको भाबि राजनीतिको रूपरेखा तयार हुने ठानिएको छ। भनिन्छ तीन चरणमा सेनालाई परिचालनगर्न लागिएको छ। मन्त्रिपरिषद्‌ले गरेको निर्णय, सिफारिसको आधारमा गतसाता राष्ट्रपति पौडेलले सेना परिचालनगर्ने स्वीकृति दिनुभएको थियो। भनिन्छ मन्त्रिपरिषद्‌को निर्णय र सिफारिसको आधारमा तिन चरणमा सेना परिचालन गरिँदैछ। जसमा चारवटा सुरक्षा निकायकागरी तीनलाख १५ हजार सुरक्षाकर्मी परिचालन गरिने भनिएको छ। एकीकृत निर्वाचन सुरक्षा योजनाअनुसार ७९ हजार सेना खटिने भएको बताइन्छ। संसद पुनस्थापना भएको खण्डमा पनि अस्थिरता मच्चिने आंकलनहरू भैरहेका छन्। नेपाली कांग्रेसको देउवा समूहले पार्टीको आधिकारिताका बिषयमा निर्वाचन आयोगले गरेको निर्णयबिरुद्ध हिजो आइतबार सर्वोच्च अदालतमा रिट दर्ता गरेपछि नयाँ राजनीतिक संकटको अवस्था सिर्जना भएको छ। निर्वाचन आयोगको गगन थापालाई मान्यता दिने निर्णय बदर भोली माघ छगतेको निर्वाचनका निम्ति उम्मेदवार मनोनयन स्थगन र नयाँ निर्वाचित कार्यसमिति अवैधानिक भएको जिकिरगर्दै सर्वोच्चमा रिट दर्ता भएपछि हिजैबाट सरकार संकटमा परेको ठानिएको छ। यसरी देशमा जन पक्षीय संविधान र राजनीतिक ब्यवस्था नभएका कारण देशको बार्षिक बजेटको ८३ प्रतिशतसम्म राजनीतिक परिचालन र सुरक्षमा खर्च हुन थालेको छ। जसलेगर्दा नेपालमा विकास र परिवर्तन भन्ने कुरा केवल नारामा मात्र सीमति रहन थालेको छ।

बर्तमान सरकारले बिघटित संसदमा रहेकामात्र नभएर त्यस बाहिर रहेका दलहरूलाई समेत बोलाएर सर्बदलीय र सर्ब पक्षीय छलफल गराउनु हालको प्रमुख आवश्यकता भएको छ। तर नेपालमा विदेशी शक्ति यति हाबि भएको छकि बिभिन्न दलहरूलाई मिल्न दिएको छैनभने प्रायः दलहरूमा आन्तरिक खिचलो बढाउने लगायतका गतिबिधिहरू पनि भैरहेका छन्। नेपाली कांग्रेस जस्तो पार्टी भूराजनीतिका कारण बिभाजनहुँदा समेत नेपालका संसदवादी दलहरूले नचेत्नु आफैमा आश्चर्यको बिषय भएको छ। नेपालमा बढ्दो विदेशी हस्तक्षेपको समस्याको समाधान नगरी अन्य कुनैपनि जनपक्षीय राजनीति हुन नसक्ने अवस्था सिर्जना भएको छ। जुन हालको अवस्थामा मुख्य बिचारणिय बिषय भएको छ।

## प्रा.डा.ताराकान्त...

वर्गीय हुने भन्दै सर्वहारावर्गीय साहित्यका लागि इच्छुक सांस्कृतिक प्रतिष्ठानलाई मापक संस्थाको रूपमा स्थापित गर्नुपर्ने बताउनु भयो।

उहाँले नेपालको राजनीतिमा अहिलेको वास्तविक वैकल्पिक शक्ति आफूहरू भएको भन्दै उहाँले अहिलेको विषम परिस्थितिमा सबै छरिएर रहेका क्रान्तिकारीहरू एकताबद्ध हुनपर्ने बेला आएको बताउनु भयो।

उहाँले पुरस्कृत स्रष्टा जनकपुरीलाई बधाई दिँदै क्रान्तिकारी आन्दोलनमा संगठित हुन आग्रह पनि गर्नुभयो। उहाँले भन्नुभयो, "यो बेला क्रान्तिकारीहरू छरिएर होइन एकताबद्ध भएर क्रान्तिकारी आन्दोलनलाई अगाडि बढाउनु पर्दछ।"

उहाँले भेनेजुएलाको घटनापछि उत्पीडित राष्ट्रहरूको राष्ट्रिय स्वाधीनतामाथि अझ खतरा बढेको भन्दै विकसित परिस्थितिमा साम्राज्यवाद विरोधी सबै शक्तिहरूबिच वृहत् संयुक्त मोर्चा बनाएर अगाडि बढ्नुपर्नेमा पनि जोड दिनुभयो।

त्यसैगरी पार्टीका स्थायी समिति सदस्य हेमन्तप्रकाश ओली सुदर्शनले ताराकान्त पाण्डेको स्कूलिङ भनेको चैतन्य स्कूलिङ भएको चर्चा गर्दै उहाँको समालोचनाले नेपालको क्रान्तिकारी कम्युनिस्ट आन्दोलनमा पनि महत्वपूर्ण भूमिका खेलेको बताउनु भयो।

ताराकान्त पाण्डेयमा वर्गदुश्मनप्रतिको कठोरताको अभाव रहेको भन्दै उहाँको जीवन र कर्मको सकारात्मक र नकारात्मक दुवै पक्षबाट पाठ सिक्नुपर्ने धारणा राख्नुभयो।

त्यसैगरी, पुरस्कृत स्रष्टा जनकपुरीले आफू बाँकी जीवनभर मार्क्सवादी साहित्य र सर्वहारावर्गी पक्षधरताप्रति प्रतिबद्ध रहेको भनाइ राख्दै सर्वहारावर्गीय क्रान्तिकारी रूपान्तरण नै आजको आवश्यकता भएको बताउनु भयो। उहाँले कम्युनिस्ट आन्दोलनले मजदुर र किसान केन्द्रित एजेण्डालाई प्राथमिकता दिनुपर्ने विचार पनि व्यक्त गर्नुभयो।

इच्छुक साँस्कृतिक प्रतिष्ठानका अध्यक्ष हिरामणि दुःखीको अध्यक्षता र सदस्य सचिव मोदनाथ मरहठ्ठाको सञ्चालनमा सम्पन्न कार्यक्रममा

प्रा.डा. जगदिशचन्द्र भण्डारीले आख्यानकार, निबन्धकार, सांस्कृतिक आन्दोलनका नेताको मार्क्सवादप्रतिको निष्ठा र सर्वहारावर्गीय पक्षधरताप्रतिको प्रतिबद्धताको मूल्याङ्कन गरेर नै उहाँलाई पुरस्कृत गरिएको जानकारी दिनुभयो।

साढे चार दशकदेखि अनवरत रूपमा लेखन कर्ममा रहनु भएका रोशन जनकपुरीले नेपाली र मैथली भाषामा प्रगतिवादी साहित्यको क्षेत्रमा प्रखर रूपमा आफूलाई प्रस्तुत गर्दै आउनु भएको बताउनु भयो।

२०३३ बाट राजनीतिक जीवन सुरु गर्नुभएका जनकपुरी २०५० को दशकदेखि नै माओवादी जनयुद्धमा सरिक हुनुभएको र शान्तिप्रक्रियापछि पनि निरन्तर क्रान्तिकारी आन्दोलनमा सरिक रहँदै आउनु भएको जानकारी दिनुभयो। उहाँले निरन्तर रूपमा संशोधनवाद र दक्षिणपन्थी अवसरवादका विरुद्धको प्रखर रूपमा कमल चलाउँदै आउनु भएकोले पनि छनौट समितिले तारा स्मृति पुरस्कारका लागि उहाँलाई छनौट गरिएको जानकारी दिनुभयो।

ताराकान्त पाण्डेयकी जीवनसंगिनी तथा साहित्यकार शिला योगीले तारा स्मृति पुरस्कारले वैचारिक निष्ठालाई सम्बोधन गर्ने बताउनु हुँदै रोशन जनकपुरीलाई आफूले मधेसको उत्पीडित समुदाय, सर्वहरावर्गको प्रतिनिधित्वको रूपमा बुझेको बताउनु भयो। उहाँले भन्नुभयो, 'यो पुरस्कार व्यक्तिकेन्द्रित नभएर विचारकेन्द्रित पुरस्कार हो। मधेसभित्रका उत्पीडनहरूलाई, वर्गीय विभेदलाई रोशन जनकपुरीले सुक्ष्म रूपमा विश्लेषण गर्नुहुनेछ, बाहिर ल्याउनु हुनेछ र सबैमा चेतनाको विकास गराउनु हुनेछ। बधाईका साथै शुभकामना र शुभेच्छा व्यक्त गर्दछु।'

कार्यक्रममा प्रा.डा. ताराकान्त पाण्डेयसँग ३८ वर्ष लामो सहकार्य गर्नुभएका प्रा.डा. गोपिन्द्र पौडेलले पाण्डेयको व्यक्तित्व र कृतित्वमाथि प्रकाश पार्नुभएको थियो। मार्क्सवादप्रति अटल आस्था र प्रतिबद्धता, वर्गीय एवम् सांगठानिक प्रतिबद्धता, मानव सैद्धान्तिक ढाँचाको निर्माण, जनयुद्धको नयाँ यथार्थको सैद्धान्तिक व्याख्या, जनयुद्धको सौन्दर्यप्रति असीम आस्था र निष्ठा, आतंक र आनन्दको सौन्दर्यशास्त्रको निर्माण, अनुसन्धान कर्म र पद्धतिमा रुचि, उत्तरआधुनिकतावादी विभ्रमको आलोचना लगायतका क्षेत्रमा उहाँको अमूल्य योगदान रहेको चर्चा गर्नुभयो।

उहाँले कृष्णसेन इच्छुक र ताराकान्त पाण्डेयको व्यक्तित्वमा धेरै समनता रहेको चर्चा गर्दै २२ जनाभन्दा बढीको पिएचडी शोध निर्देशक रहेर काम गरेको पनि बताउनु भयो। प्राज्ञिक क्षेत्रमा पनि उहाँको योगदान अतुलनीय रहेको जानकारी दिनुभयो।

कार्यक्रममा क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका महासचिव सीपी गजुरेल गौरवले प्रतिष्ठानद्वारा प्रकाशित इच्छुकको १३ औं अंक पनि विमोचन गर्नुभएको थियो।

विमोचित कृति तथा पठन संस्कृतिको बारेमा आफ्नो धारणा प्रस्तुत गर्दै कवि तथा साहित्यकार मित्रलाल पंज्ञानीले प्रकृति, जीवन र संस्कृतिको समग्र अध्ययन नै पठन भएको भन्दै दुःखको कारण र निराकरणको खोजीको क्रममा नै मार्क्सवाद र बुद्धवाद जन्मिएको बताउनु भयो। प्रश्न चेतनाबाट मात्रै पठन संस्कृतिको विकास गर्न सकिने भन्दै समृद्ध पठन संस्कृतिको विकास नगरी दुनियाँ हाँक्न नसकिने बताउनु भयो। मानव जातिले हजारौ बर्षदेखि आर्जन गरेको ज्ञानको सार बुझ्नु, बुझ्न जिज्ञासा राख्नु नै पठन संस्कृति हो भन्दै पढेर प्रश्न गरिएन र बहसमा लगिएन भने त्यस्तो पठनको कुनै अर्थ नहुनेमा पनि जोड दिनुभयो।

उहाँले भन्नुभयो, 'पठन संस्कृतिको विकास गर्न सकिएन भने लेखन र आन्दोलनले गति लिन सक्दैन। साँस्कृतिक मूल्यको विकास गर्न पनि सकिन्न।'

कार्यक्रममा स्वागत मन्तव्य सँगै ताराकान्त पाण्डेयकी छोरीले लेख्नुभएको कविता गौरी देवकोटाले प्रस्तुत गर्नुभएको थियो भने कवि कविता राय, रूपेश कर्ण, युवराज नास्तिक, र केशव सिलवालले कविता प्रस्तुत गर्नुभएको थियो।

# कठपुतली सरकारको विकल्प : स्वाधीन संयुक्त सरकार



● सन्तबहादुर नेपाली ●

**चीनमा जापानी साम्राज्यवादले जुन बेला एक पछि अर्को गर्दै भूभागहरु कब्जा गर्दै गयो, माओको नेतृत्वमा चिनियाँ कम्युनिस्ट पार्टीले कोमिन्ताङ पार्टीसित संयुक्त मोर्चाको प्रस्ताव अगाडि सार्‍यो । तर कोमिन्ताङ पार्टीले माओको प्रस्तावलाई स्वीकार गरेन । अन्ततस् चिनियाँ कम्युनिस्ट पार्टीले १५ जुलाई १९३७मा संयुक्त मोर्चाका लागि जारी गरेको वक्तव्यलाई करिब दुई महिनापछि २३ सेप्टेम्बर १९३७मा कोमिन्ताङ भित्रैबाट दबाब आएपछि उसले चिनियाँ प्रस्तावलाई स्वीकार गर्‍यो । त्यसपछि संयुक्त मोर्चाको दौर सुरू भयो । अन्ततस् जापानी साम्राज्यवादबाट चीन मुक्त भयो । हाम्रो देशको अवस्था त्यस्तो ठ्याक्कै प्रत्यक्ष उपनिवेश बन्ने स्थिति होइन । अहिले साम्राज्यवादले विश्वभरि नवउपनिवेशवादी नीतिद्वारा उत्पीडित राष्ट्रहरुलाई शोषण गरेको छ । त्यसबाट मुक्त नभई समृद्धि प्राप्त गर्न सकिंदैन । नेपाल नवउपनिवेशवादी हस्तक्षेपको प्रक्रियामा छ । हाम्रो अगाडि बुर्किना फासोको उदाहरण छ । आज भूपरिवेष्ठित बुर्किना फासो राष्ट्रपति इब्राहिम ट्राउरेको नेतृत्वमा साम्राज्यवादी शोषणबाट मुक्त भएपछि कसरी एक पछि अर्को विकासको छलाङ लगाइरहेको छ ? त्यो प्रशंसनीय छ । त्यसले विदेशीको हातबाट सम्पूर्ण सुन खानीहरु राष्ट्रियकरण गरेको छ । फ्रान्सबाट स्वतन्त्र भएपछि पनि त्यहाँ कैयौं सैनिक विद्रोहहरु भए । तर त्यहाँका जनताका समस्या समाधान भएनन् । विदेशी शोषणको अन्त भएन । अन्ततस् ट्राउरेको शासनकालमा ३ वर्षभित्र बुर्किनाफासोमा कायापलट भएको छ । हाम्रो देश पनि साम्राज्यवाद र विस्तारवादको नवऔपनिवेशिक हस्तक्षेपबाट मुक्त नभएसम्म देशको आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नति र समृद्धि हुन सक्दैन ।**

नेपालको कम्युनिस्ट तथा प्रजातान्त्रिक आन्दोलनको इतिहास हेर्दा जति पनि परिवर्तन भएका छन्, त्यसमा संयुक्त आन्दोलनको नै मुख्य भूमिका रहेको पाइन्छ । चाहे त्यो ००७ सालको प्रजातान्त्रिक आन्दोलन होस् वा ०४६ सालको वा ०६२/६३को होस्, सबै आन्दोलनहरूमा संयुक्त आन्दोलनले नै सफलता पाएको छ । त्यस दौरानमा कैयौं किसान आन्दोलन भए, विद्यार्थी आन्दोलनहरू भए, ती निर्णायक हुन सकेनन् । आज पनि संयुक्त आन्दोलनको महङ्खव र आवश्यकता दुवैको उत्तिकै महङ्खव छ । सायद यसलाई कसैले नकार्न सक्दैन ।

०३६ सालको विद्यार्थी आन्दोलनले तत्कालीन राजालाई जनमत सङ्ग्रह गराउन बाध्य पार्‍यो र केही हदसम्म सुधारिएको पञ्चायती व्यवस्था ल्याउन राजा बाध्य भए । ०४६ सालको जनआन्दोलनबाट राजा सहितको बहुदलीय व्यवस्था आयो । तर पछि गएर तात्कालीन राजाले आफ्नो संवैधानिक अधिकार मात्र प्रयोग नगरेर सार्वभौम सत्ता सबै आफ्नो हातमा लिने दुस्साहस गरेपछि ०६२/६३को जनआन्दोलन विस्फोट भयो । १० वर्षसम्म संचालित माओवादी जनयुद्ध र १९ दिने जनआन्दोलनले राजालाई सत्ताच्यूत गर्‍यो र सार्वभौम सत्ता जनतामा हस्तान्तरण भएपछि निर्वाचनद्वारा संविधानसभा गठन भयो र त्यसले ०७२ सालमा लोकतान्त्रिक गणतन्त्र, धर्मनिरपेक्षता र सङ्घीयतासहितको नयाँ संविधान निर्माण गर्‍यो । दलित, जनजाति महिला लगायतका उत्पीडित जनसमुदायका लागि केही हदसम्म समावेशी तथा समानुपातिक प्रतिनिधित्वको व्यवस्था गर्‍यो । बहुदलीय व्यवस्था भन्दा नयाँ व्यवस्था केही प्रगतिशील थियो । सुरुमा त जनतालाई केही अधिकार प्राप्त गरे जस्तो अनुभूति भयो । संसदवादी दलहरूले यो लोकतान्त्रिक गणतन्त्र उत्कृष्ट व्यवस्था भनेर व्याख्या गरे । जनताले पनि त्यसलाई उत्साहका साथ समर्थन गरे । तर देशका क्रान्तिकारी शक्ति तथा व्यक्तिहरूले जुन प्रकारले यो लोकतान्त्रिक गणतन्त्र अन्तर्यमा प्रतिक्रियावादी व्यवस्था हो भन्दै आएका थिए, त्यो कुरा पछिल्लोकालमा प्रत्यक्ष प्रमाणित भयो । जसले यो उत्कृष्ट व्यवस्था भनेर थाक्दैनथे, उनीहरू पनि निरिह देखिन थालेका छन् । आफूलाई शक्तिशाली बादशाह ठान्ने दलका नेताहरू कठपुतली सरकारको प्रधानमन्त्री सुशिला कार्कीका अगाडि बाउन्ने भएर उभिनु परेको छ । यसले यो कुरा प्रमाणित भएको छ कि अवस्था परिवर्तन आवश्यक छ भन्नेहरू पनि आज व्यवस्था परिवर्तनको आवाजका अगाडि बडो कठिनपूर्वक सामना गर्नु परिरहेको छ । तर अझै पनि व्यवस्था परिवर्तनको जनताको चाहनालाई स्वीकार गर्न सकिरहेका छैनन् ।

जुन दलहरूले ०६२/६३ पछि शासनसत्ता आफ्नो हातमा लिएका थिए, उनीहरू जनताप्रति भरोसा नगरेर सत्ता संचालनका निम्ति साम्राज्यवाद र विस्तारवादप्रति भरोसा गरे । भरोसा मात्र गरेनन्, सत्ता जोगाउनका लागि र सरकारमा टिकी रहनका लागि उनीहरूको दलाल बन्न समेत तयार भए । यसरी वर्गीय रूपमा दलाल तथा नोकरशाही पुँजीपति वर्गको मार्क्सले भने जस्तै दलाल पुँजीवादका कारिन्दा बनेर त्यसलाई बलियो बनाउने काम गरे । उनीहरूकै कारण देश नवऔपनिवेशिक शोषण उत्पीडनको शिकार बन्यो । देशको राष्ट्रिय स्वाधीनतामाथि नै खतरा मडराउन थाल्यो । सरकारमा बसेका नेताहरूले गरेको खर्बौं खर्बको भ्रष्टाचार जनता सामु खुलेर आयो । यति सानो देशका जनताले तीस खर्ब ऋण बोक्नु पर्‍यो । करोडौं युवाहरू विदेश पलायन भए । श्रम शक्ति मात्र होइन, राष्ट्रिय पुँजी पनि विदेश पलायन भयो । बौद्धिक सम्पत्ति विदेश पलायन भयो । उद्योग, व्यापार, कृषि, पर्यटन धराशायी भयो । शिक्षा, स्वास्थ्य, संस्कृति सबैमा माफियातन्त्र हावी भयो । राज्यद्वारा प्रायोजित महङ्गी, हत्या, घुस, लुट, ठगी, मानवतस्करी, बेरोजगारी, कमिशनखोरी आदिबाट जनता पीडित हुन पुगे । फलतस् आज आफू जन्मेको देशप्रति नै जनताको वितृष्णा जागेको छ । देशको अस्तित्व, स्वाधीनता तथा उन्नति, प्रगति र समृद्धिप्रति नै नकारात्मक भावना फैलिंदै गएको छ । देश यति कमजोर भयो कि जुन सुकै बेला पनि विदेशीले कब्जा गर्न सक्ने अवस्था आएको छ । देशयुक्रेन, सिक्किम वा भुटान बन्ने अवस्था आए पनि जनतालाई त्यसको प्रतिरोध गर्न नसक्ने अवस्थामा पुर्‍याइएको छ । अर्कोतिर जेनजी विद्रोहपछिको धमिलो पानीमा कसले राज्य संयन्त्रमा कब्जा गर्ने भन्नेमा अमेरिकी साम्राज्यवाद तथा भारतीय विस्तारवाद बिच प्रतिस्पर्धा चलिरहेको छ । जेनजीहरूका विभिन्न समूहहरू बनेका छन् । आफैले बनाएको सरकारका मन्त्रीहरू विरुद्ध एक अर्कोले विरोध गर्ने, राजीनामा माग गर्ने, जस्ता कामहरू भएका छन् । यसले स्पष्ट गर्छ कि केबिनेटमा पनि मन्त्रीहरू प्रधानमन्त्रीप्रति उत्तरदायी छैनन् । जुन प्रशासनिक कामहरू अहिले भइरहेका छन्, ती कामहरू निकै ठुलो सकसको बिचबाट भइरहेका छन् । सरकारलाई ठुला दलहरूको समर्थन छैन । ठुला दलहरू निर्वाचनको तयारीमा रहँदारहँदै पनि संसद पुनर्स्थापनाको माग लिएर सङ्घर्ष गरिरहेका छन् । वास्तवमा भन्ने हो भने यो सरकारप्रति संसदवादी दलहरूको समर्थन छैन । सरकार बाह्य शक्तिको मात्र आडमा काम गरिरहेको छ । सरकार जन समर्थन पाउन नसकेको साम्राज्यवादको कठपुतली सरकार बनेको छ । निर्वाचन र सुशासन मात्र आफ्नो दायित्व रहेको बताउने सरकारले दलहरू वा जनताको समर्थन विना नै निर्वाचन सम्पन्न गर्न तयारी गरेको छ । यदि निर्वाचन भएन भने जनताको सार्वभौम अधिकार कसरी अभिव्यक्त हुने छ ? के बङ्गलादेशको जेनजी आन्दोलनपछिको अवस्था जस्तो नेपालको पनि हुने छ ? यस प्रकारको अवस्था आउनुमा विद्यमान दलाल पुँजीवादी संसदीय व्यवस्था भित्रको गम्भीर सङ्कट र असफलता हो ।

निर्वाचन आयोगलाई निर्वाचन सम्पन्न गराउन तयारी गर्ने व्यस्तता छ । आफूलाई राष्ट्रवादी बताउने जेनजीहरू सर्वोच्च अदालत, सिंहदरबार, संसद भवन लगायतका सरकारी भवन मात्र जलाएनन्, आठ हजार भन्दा बढी अपराधी कैदीहरूलाई जेलमुक्त गरे । अहिले पनि ३ हजार भन्दा बढी कैदीहरू फरारको सूचीमा छन् । उनीहरू निर्वाचनमा चुप लागेर बस्दैनन् । त्यो चुनौती पनि दल र सरकारसँग छ । प्रहरीबाट लुटिएका हात हतियार पनि जम्मा गरिएका छैनन् । यो अवस्थामा निर्वाचन सम्पन्न हुने कुराप्रति स्वयं संसदवादी दलहरू नै सशङ्कित छन् ।

माथि उल्लेख गरिएको परिस्थितिहरू मध्येको खास परिस्थिति यो हो कि आज हाम्रो देशमाथि साम्राज्यवादी तथा विस्तारवादी शक्तिबाट हाम्रो राष्ट्रिय स्वाधीनतामाथि हस्तक्षेप भएको छ । अझ यसलाई अर्को शब्दमा पनि भन्न सकिन्छ : धेरै अन्तर्विरोधमध्येको प्रधान अन्तर्विरोध नेपाली जनताको अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादसित अहिले खुलेर प्रकट भएको छ । यसरी स्वभावतस् नेपाली जनताको शत्रु अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवाद मुख्यतस् अमेरिकी साम्राज्यवादसित अहिले प्रकट भएर आएको छ । बाह्य सत्रु प्रमुख भएर आउँदा घरेलु सत्रु गौण हुने गर्छ तर सत्रु पङ्क्तिबाट हटेको हुँदैन । घरेलु सत्रु नेपाली दलाल तथा नोकरशाही पुँजीपतिवर्गको सहयोगमा बाह्य सत्रुआएको हुन्छ । त्यसरी घरेलु सत्रु सामन्त, दलाल तथा नोकरशाही पुँजीवाद र अमेरिकी साम्राज्यवाद भारनीय विस्तारवाद नेपाली जनताका एकमुष्ठ दुश्मन हुन र जनताले प्रहार गर्दा मुख्यतस् यही बाह्य तथा घरेलु दुश्मन शक्तिविरुद्ध प्रहार केन्द्रित गर्नुपर्ने हुन्छ । चुनाव हुने वा नहुने त्यो गौण प्रश्न हो । यी शक्तिहरू आफू सत्तामा हावी हुनका लागि समय मै चुनाव गराएर वा आफ्नो तयारी नपुग्दासम्म केही अवधि लम्बाएर पनि गर्न सक्छन् । चुनाव तत्काल गराएर वा अविध लम्बाएर गर्नु त्यो उनीहरूको समस्या हो । मूल समस्या भनेको देशमा साम्राज्यवाद तथा विस्तारवादको प्रत्यक्ष हस्तक्षेपकारी उपस्थिति हो । यो उपस्थिति विरुद्ध जनताको आन्दोलन कसरी सङ्गठित गर्ने ? त्यो आजको समस्या हो । साम्राज्यवादलाई पराजित गर्ने शक्ति भनेको जनताको शक्ति हो । त्यो जनता, जो दलाल तथा नोकरशाही पुँजीवादका विरुद्ध छ, जो साम्राज्यवादका विरुद्ध छ, को सङ्घर्ष नै अपराजेय शक्ति हो । त्यसकारण नेपालको सन्दर्भमा देशभक्त, जनवादी, वामपन्थी क्रान्तिकारीहरूको कम्युनिस्ट, सङ्गठन वा समूहको संयुक्त मोर्चा आजको आवश्यकता हो । जसले साम्राज्यवाद र विस्तारवादको दलाली गरेर सत्ता संचालन गरे, उनीहरू देशभक्त बन्न सक्दैनन् । नेपाली समाज लामोसमयबाट सामन्तवादबाट शासित हुँदै आएको समाज हो । राजतन्त्रको अन्त भए पनि सामन्तवादी संस्कृति र चिन्तन नेपाली समाजमा रहेको छ । त्यसको प्रभाव क्रान्तिकारीहरूमा पनि थोरै धेरै रहने गरेको हुँदा पार्टीका नेता कार्यकर्ताहरूमा व्यक्तिवादले काम गरेको पाइन्छ । सिद्धान्ततस् संयुक्त मोर्चालाई स्वीकार गरे पनि व्यवहारमा संयुक्त पहल हुन नसक्ने हाम्रो प्रवृत्तिले काम गरेको पाइन्छ । राष्ट्रिय स्वाधीनताको रक्षा कुनै एउटा पार्टीले गर्न सक्ने कुरा होइन । त्यसकारण हामीले चाहेर वा नचाहेर जनतालाई एक ठाउँमा उभ्याउन चाहने शक्तिहरू संयुक्त मोर्चा निर्माण गर्नु बाहेक हामीसँग अर्को कुनै विकल्प छैन ।

चीनमा जापानी साम्राज्यवादले जुन बेला एक पछि अर्को गर्दै भूभागहरू कब्जा गर्दै गयो, माओको नेतृत्वमा चिनियाँ कम्युनिस्ट पार्टीले कोमिन्ताङ पार्टीसित संयुक्त मोर्चाको प्रस्ताव अगाडि सार्‍यो । तर कोमिन्ताङ पार्टीले माओको प्रस्तावलाई स्वीकार गरेन । अन्ततस् चिनियाँ कम्युनिस्ट पार्टीले १५ जुलाई १९३७मा संयुक्त मोर्चाका लागि जारी गरेको वक्तव्यलाई करिब दुई महिनापछि २३ सेप्टेम्बर १९३७मा कोमिन्ताङ भित्रैबाट दबाब आएपछि उसले चिनियाँ प्रस्तावलाई स्वीकार गर्‍यो । त्यसपछि संयुक्त मोर्चाको दौर सुरु भयो । अन्ततस् जापानी साम्राज्यवादबाट चीन मुक्त भयो । हाम्रो देशको अवस्था त्यस्तो ठ्याक्कै प्रत्यक्ष उपनिवेश बन्ने स्थिति होइन । अहिले साम्राज्यवादले विश्वभरि नवउपनिवेशवादी नीतिद्वारा उत्पीडित राष्ट्रहरूलाई शोषण गरेको छ । त्यसबाट मुक्त नभई समृद्धि प्राप्त गर्न सकिंदैन । नेपाल नवउपनिवेशवादी हस्तक्षेपको प्रक्रियामा छ । हाम्रो अगाडि बुर्किना फासोको उदाहरण छ । आज भूपरिवेष्ठित बुर्किना फासो राष्ट्रपति इब्राहिम ट्राउरेको नेतृत्वमा साम्राज्यवादी शोषणबाट मुक्त भएपछि कसरी एक पछि अर्को विकासको छलाङ लगाइरहेको छ ? त्यो प्रशंसनीय छ । त्यसले विदेशीको हातबाट सम्पूर्ण सुन खानीहरू राष्ट्रियकरण गरेको छ । फ्रान्सबाट स्वतन्त्र भएपछि पनि त्यहाँ कैयौं सैनिक विद्रोहहरू भए । तर त्यहाँका जनताका समस्या समाधान भएनन् । विदेशी शोषणको अन्त भएन । अन्ततस् ट्राउरेको शासनकालमा ३ वर्षभित्र बुर्किनाफासोमा कायापलट भएको छ । हाम्रो देश पनि साम्राज्यवाद र विस्तारवादको नवऔपनिवेशिक हस्तक्षेपबाट मुक्त नभएसम्म देशको आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नति र समृद्धि हुन सक्दैन ।

सरकारले आगामी फागुन २१ गते संसदीय निर्वाचनको घोषणा गरेको छ । त्यो निर्वाचन यदि हुने नै भयो भने पनि साम्राज्यवादीहरूकै रेखदेखमा हुने छ । उनीहरू बढी भन्दा बढी आफ्ना दलालहरूलाई जिताउने कोशिश गर्ने छन् । उनीहरू निर्वाचनमा जनतालाई प्रभावित गर्न नयाँ अनुहारहरूलाई उम्मेदवार बनाउने छन् र करोडौं रकम खर्च गरेर जिताउने छन् । अहिले सरकार उनीहरूकै कठपुतली सरकार भएको हुनाले सरकारले पनि आफ्ना ती उम्मेदवारहरूलाई जिताउन सबै प्रकारका हतकण्डाहरू प्रयोग गर्ने छ । निर्वाचनमा केही राम्रा र केही देशभक्तहरू पनिसंसदमा छिर्न सक्लान् । तर उनीहरूको आवाज दबिने छ । साम्राज्यवादीहरू नवऔपनिवेशिक प्रक्रियालाई चुनाव पछि पनि निरन्तर अगाडि बढाइरहनेछन् ।

त्यसरी निर्वाचन पछि पनि साम्राज्यवादी हस्तक्षेप अझ बढेर जानेछ । अमेरिकी साम्राज्यवादले एमसीसी ल्याउनुको पछाडि त्यसको साथमा एसपीपी र आइपीएस परियोजना ल्याउनु थियो । ती परियोजना कस्ता हुन भन्ने कुरा पहिले पनि व्याख्या भइसकेको छ । गत संसदमा सरकारले त्यो परियोजनाको प्रस्ताव ल्याउन नसकेपछि अमेरिकी चाहना पूरा हुन सकेको थिएन । त्यसकारण अमेरिकी साम्राज्यवादले जेनजी विद्रोह भन्दा पहिलेको ओली सरकार परिवर्तन गरेर भए पनि आफ्नो उद्देश्य पूरा गर्न चाहान्थ्यो । जेनजीहरूको आन्दोलनलाई आफ्नो पक्षमा प्रयोग गरेर त्यो उद्देश्य पूरा गर्‍यो । यो अवस्थामा निर्वाचन भए पनि नभए पनि मुख्य समस्या अमेरिकी साम्राज्यवादको नेपालप्रतिको कुदृष्टि हो । अमेरिकी कुदृष्टिप्रति चोटिलो प्रहार नगर्दासम्म नेपालले सुखसित सास फेर्न सक्दैन । दुई सय भन्दा बढी अमेरिकी आइएनजीओहरूले वर्षौंदेखि काम गरिरहेका थिए । उनीहरू जनतालाई अमेरिकालाई भगवानसरह मान्न सिकाउने गरेका छन् । टाठाबाठा नेपालीहरूलाई साम्राज्यवादप्रति घृणा होइन, सम्मान गर्न सिकाईरहेका छन् । अमेरिकाको सहयोग नभएमा हामी समाप्त हुने भविष्यवाणी गर्छन् । यिनै दलालहरूले अमेरिका लागि आधार तयार पार्ने काम गरेका छन् । कुनै पनि देश हाम्रो लागि नजिक वा टाढाको हुँदैन । सबैसित पंचशीलको सिद्धान्तका आधारमा हाम्रो मैत्रीपूर्ण सम्बन्ध रहन्छ । धनी राष्ट्रबाट सहयोग लिन अस्वीकार गर्नु पनि छैन । तर सहयोगको आडमा उनीहरूद्वारा हाम्रो देशको सार्वभौमिकतामाथि हस्तक्षेप गरिन्छ भने त्यो सह्य हुन सक्दैन ।

अमेरिकी साम्राज्यवादले विश्वव्यापी रूपमा आतङ्क मच्चाईरहेको छ । केही समय पहिला अफगानिस्तानमा सैनिक हस्तक्षेप नै गरेको थियो । लामो लडाईपछि अफगानिस्तान मुक्त भयो । केही समय अघि इजरायललाई उक्साएर प्यालेस्टाइन लगायतमध्येपूर्वमा हमला गर्‍यो । त्यहाँबाट हार स्वीकार गरेर अहिले पछि हटेको छ । तर उसको युद्ध पिपासु चरित्र रोकिनेवाला छैन । ताइवान, जापान, कोरिया, कतार लगायत विश्वका कैयौं देशमा सैनिक अड्डा कायम राखेको छ । नेपालमा पनि सैनिक अड्डा राखेर नेपाललाई युद्धमा झोक्ने उसको डिजाइन छ । भारत-रूस सम्बन्ध सुध्रिएपछि अमेरिका भारतप्रति पनि आक्रमक बन्दैछ । चीनप्रति त उ पहिलेदेखि आक्रामक थियो र उसले चीनविरुद्ध नेपालबाट गतिविधि गर्न खोज्दैछ । त्यसबाट नेपाल रणमैदान बन्न सक्ने खतरा पनि त्यतिकै छ । किनकि चीनसितको उसको दुश्मनी अझै मत्थर भएको छैन ।

विश्वभरि साम्राज्यवाद विरोधी मोर्चा बनिरहेका छन् । खास गरेर आइसीओआरले त्यसको पहल गरिरहेको छ । विश्वभरिका उत्पीडित जनतासित ऐक्यबद्धता कायम गर्न नेपालमा पनि त्यसका लागि पहल हुन जरुरी छ । साम्राज्यवाद तथा प्रतिगमनका विरुद्ध सङ्घर्ष अगाडि बढाउने उद्देश्यले विगत केही वर्ष अगाडि पूर्व मशाल, नेकपा, मार्क्सवादी पुष्पलाल, प्रतिरोध जनअधिकार आन्दोलन, सहितको राष्ट्रिय क्रान्तिकारी मोर्चा नेपालको निर्माण भएको छ । त्यस प्रकारको मोर्चा सापेक्षतामा केही स्थायी प्रकारको भए पनि त्यो कार्यनीतिक मोर्चा नै हो । त्यो अहिले केही वामपन्थीहरू बिच सीमित छ । त्यसलाई अझै खुला बनाउने र सबै साम्राज्यवाद विरोधी घटकहरू त्यसमा सामेल हुने प्रकारले वृहत साम्राज्यवाद विरोधी मंच वा मोर्चा बनाउन हामी केही कम्युनिस्ट घटकहरूबाट प्रयास भइरहेको छ । कतिपय घटकहरूको त्यस विषयमा स्पष्टता हुन नसकेको कारण त्यो कार्य अगाडि बढ्न सकेको छैन । तैपनि केही अप्ठ्याराहरूको बाबजुद साम्राज्यवाद विरोधी मंच वा मोर्चा बनाउनु जरुरी छ । त्यसका लागि सबै पक्षबाट पहल गर्नुपर्ने आवश्यकता छ ।

नेपाली जनतामाथि अब ठुलो चुनौती आएको छ- जनताले साम्राज्यवादी हस्तक्षेपलाई स्वीकार गर्ने वा त्यसका विरुद्ध सङ्घर्ष गर्ने । स्वीकार गर्ने हो भने हाम्रो देशको अस्तित्व समाप्त हुने छ । हामी पराधीन बन्ने छौं" । नेपाली स्वाभिमान समाप्त हुने छ । यदि स्वीकार नगर्ने हो भने नेपाली जनता साम्राज्यवाद विरुद्ध खुलेर मैदानमा उत्रनुको विकल्प छैन । यदि यतिबेला सोंच्न सकेनौ" भने भावी दिनमा हामी हाम्रो राष्ट्रिय स्वाधीनता गुमाउन पुग्ने छौ" । नेपाली जनताले साम्राज्यवादका विरुद्ध विश्वका जनतासित ऐक्यबद्धता जनाउनु पर्छ । दलाल संसदवादी दलहरू बाहेकका देशभक्त, वामपन्थी, जनवादी, कम्युनिस्ट लगायत सबै देशभक्त शक्तिहरू कार्यगत एकता गरेर संयुक्त सङ्घर्षमा आउनु आवश्यक छ । अब साम्राज्यवादको विरोध मात्र होइन, वर्तमान दलाल कठपुतली सरकारको विकल्प पनि दिनुपर्छ । त्यस प्रकारको बैकल्पिक सरकार यिनै देशभक्त क्रान्तिकारी शक्तिहरूको स्वाधीन संयुक्त सरकार हुन सक्छ । त्यसका लागि क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालले देशको अग्रगामी राजनीतिक निकासका लागि राष्ट्रिय राजनीतिक सम्मेलन, क्रान्तिकारी संयुक्त मोर्चा, स्वाधीन संयुक्त सरकार र जनसंविधानको निर्माणको नीति अगाडि सारेको छ । संयुक्त मोर्चामा आउन सक्ने घटकहरूका आ□ना फरक कार्यनीति तथा रणनीति हुन सक्छन् । कसैले प्रतिक्रियावादी संसदीय निर्वाचनमा उपयोग गर्ने नीति लिनेपनि हुन सक्छ । क्रान्तिकारी कम्युनिस्ट पार्टीले आगामी संसदीय निर्वाचन बहिष्कार गर्ने निर्णय लिइसकेको छ । तर त्यसले साम्राज्यवादको विरोध गर्न संयुक्त मोर्चा बनाउने र स्वाधीन संयुक्त सरकारको नीतिमा सहमति गरेर आन्दोलनलाई अगाडि बढाउने सवालमा कुनै बाधा पुर्‍याउने छैन । हामीले साम्राज्यवाद विरोधी आन्दोलन र स्वाधीन संयुक्त सरकारको निर्माणलाई निर्वाचन बहिष्कार वा उपयोग गरेर पनि साम्राज्यवाद र दलाल संसदीय व्यवस्थाविरुद्धको आन्दोलनसित जोडेर लैजान सकिनेछ । संयुक्त मोर्चाको आधारभूत कुरा यो हुनु पर्छ कि हामी जुन विन्दुमा सहमति कायम गर्न सक्छौं, त्यति विषयमा सहमति गरेर संयुक्त सङ्घर्षलाई इमानदारिता र दृढतापूर्वक अगाडि बढाएर देशी विदेशी प्रतिक्रियावादीहरूलाई प्रहार गर्न सक्नेछौं । त्यसका लागि द्विपक्षीय तथा बहुपक्षीय भेटघाट तथा संवाद गर्नु आवश्यक देखिन्छ । मिति : २०८२ मंसिर २९

# उपत्यका बन्दको दिन बिहानै कोटेश्वरबाट पाँच वर्षे बालिकासहित ७ जना पक्राउ

काठमाडौं । उपत्यका बन्दको दिन आज विहानै कोटेश्वरबाट प्रहरीले पाँच वर्षकी बालिकासहित ७ जनालाई पक्राउ गरेको छ । निर्वाचन बहिस्कारका लागि आज आव्हान गरिएको उपत्यका बन्दको क्रममा पर्चा वितरण गर्दैगर्दा प्रहरीले पक्राउ गरेको क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालको कार्यालय स्रोतले जानकारी दिएको छ । पक्राउ पर्नेहरूमा क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका युवा संगठनका केन्द्रीय संयोजक सूर्य तिमिल्सिना, पार्टीका केन्द्रीय सदस्यहरू शोभा सेन्चुरी र झनक श्रेष्ठ रहनु भएको छ ।

पर्चा वितरणमा हस्तक्षेप गरी महिलाहरूलाई पुरुष प्रहरीले लछारपछार पार्न थालेको फोटो खिचेको भन्दै प्रहरीले झनक श्रेष्ठलाई आफ्नी पाँच वर्षकी छारीसहित पक्राउ गरेको हो । पक्राउ पर्ने अन्य संयुक्त संघर्ष समितिका सदस्यहरूमा वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टीका नेताहरू लक्ष्मी सुनार, रूपा सुनार र भवन सेन्चुरीलाई पनि सोही क्रममा पक्राउ गरेको जानकारी प्राप्त भएको छ । पक्राउ परेका सबैलाई कोटेश्वरको प्रहरी वृत्तमा राखिएको पनि जानकारी प्राप्त भएको छ ।

उपत्यका बन्दको पूर्वसन्ध्यामा आयोजना गरिएको मशाल जुलुस प्रदर्शनको क्रममा देशैभर पाँच दर्जन बढी नेता कार्यकर्ताहरूलाई गिरफ्तार गरिएको थियो । शान्तिपूर्ण कार्यक्रममाथि हस्तक्षेप गरी नेता कार्यकर्ताहरू गिरफ्तारीको घोर विरोध गर्दै संयुक्त संघर्ष समितिका संयोजक सीपी गजुरेल गौरवले एक वक्तव्य जारी गरी अविलम्ब रिहाइको जोडदार माग गर्नुभएको थियो ।

## सामाजिक...

गहिराइमा विचार गर्दा हामी यो देख्दछौं कि यी दुवै धारणाहरू एकआपसमा ठीक विपरीत छन् । आफ्नो पार्टीको विद्यमान दृष्टिकोणबाट स्थितिलाई हेर्दा हामी भन्न सक्दछौं कि आफ्नो ट्रेड युनियन तथा संसदीय संघर्षहरूको फलस्वरूप सर्वहारा यस्ता कामहरूमार्फत् प्रमुख सामाजिक परिवर्तन ल्याउने असम्भवताको कायल हुन्छ र यस निष्कर्षमा पुग्दछ कि सत्तामाथि विजय अनिवार्य छ । यदि बर्नस्टाइनको सिद्धान्त यस घोषणाबाट शुरु हुन्छ कि यो विजय असम्भव छ, त्यसको निष्कर्ष यो हो कि समाजवादको सुत्रपात केवल ट्रेड युनियन संघर्ष र संसदीय कार्यबाट सम्भव छ । किनकि बर्नस्टाइनको नजरमा ट्रेड युनियन तथा संसदीय कार्यको एक समाजवादी चरित्र हो किनकि यसले पुँजीवादी अर्थव्यवस्थालाई आधिकारिक समाजीकरणवाला प्रभाव पार्दछ ।

हामीले यो देखाउने प्रयास गरेका हौं कि यो प्रभाव शुद्ध कल्पना हो । पुँजीवादी सम्पत्ति र पुँजीवादी राज्यको सम्बन्ध पूर्ण रूपमा विपरीत दिशाहरूमा विकसित हुन्छ र यसप्रकार आजको समाजवादी जनवादको हरेक दिनको व्यवहारिक कार्यकलाप अन्तिम विश्लेषणमा समाजवाद सम्बन्धी कार्यकलापबाट पूर्ण रूपमा काटिन्छ । एउटा समाजवादी आन्दोलनको दृष्टिकोणबाट ट्रेड युनियन संघर्ष र हाम्रो संसदीय कार्य यसकारण ज्यादै महत्वपूर्ण छ कि यसले सर्वहाराको जागरुकतालाई, चेतनालाई समाजवादी बनाउँदछ र उनीहरूलाई एउटा वर्गको रूपमा संगठित हुन मद्दत गर्दछ । तर जब तिनीहरूलाई पुँजीवादी अर्थव्यवस्थाको प्रत्यक्ष समाजिकरणको साधन मानिन्छ, तब तिनीहरूले आफ्नो आम प्रभावकारिता गुमाउने मात्र होइन, बरु तिनीहरू सत्तामाथिको विजयको लागि मजदुर वर्गलाई तयार गर्ने साधन पनि रहँदैनन् । एडवार्ड बर्नस्टाइन र कोनराड शिमट तब सम्पन्न गरिएको कार्य गलत बुझाईको शिकार भएको देख्दछन् जब उनीहरू यस विश्वासमा स्वयंलाई सान्त्वना दिन्छन् कि पार्टीको कार्यक्रमलाई घटाएर समाज सुधारको कार्य र साधारण ट्रेड युनियन कार्यसम्म सीमित गरियोस्, यो श्रमिक आन्दोलनको अन्तिम उद्देश्यको परित्याग होइन किनकि अगाडितर्फ हरेक पाइला तत्कालीक उद्देश्यले अघि जान्छ र समाजवादी लक्ष्य परिकल्पित प्रगतिमा एक प्रवृत्तिको रूपमा निहित हुन्छ ।

जर्मन सामाजिक जनवादको विद्यमान कार्य विधिहरूको बारेमा यो कुरा निश्चित रूपमा सत्य हो । जब जब राजनीतिक सत्तामाथि विजयको एउटा दृढ र सचेत प्रयास ट्रेड संघर्ष र समाज सुधारको कार्यमा फैलन्छ, यो कुरा सत्य हुन्छ । तर यदि यस प्रयासलाई स्वयं आन्दोलनबाट भिन्न गरी समाज सुधारलाई स्वयंमा एक लक्ष्य बनाइन्छ तब यस्तो कामकाज समाजवादको अन्तिम लक्ष्यतर्फ लैजाँदैन । यति मात्र होइन, त्यो ठीक उल्टो दिशामा अगाडि बढ्दछ ।

कोनराड शिमटले त मात्र यस विचारलाई आफ्नो सिरानी बनाउँदछन् कि एक पटक शुरु भएपछि प्रत्यक्ष रूपमा यान्त्रिक आन्दोलन आफै रोकिन सक्दैन किन 'खानासँगै मानिसको भोक बढ्दछ' र हामी मान्न सक्दछौं कि मजदुर वर्ग अन्तिम सामाजिक रूपान्तरण साकार हुँदासम्म सुधारहरूमा सन्तोष गर्दैन ।

यहाँ यो अन्तिम शर्त विल्कुल वास्तविक हो । पुँजीवादी सुधारहरूको अपर्याप्तता नै यो प्रभावकारी हुने कुराको ग्यारेन्टी हो । तर यसबाट निकालिएको निष्कर्ष तब साँचो हुन्छ जब वृद्धि भएका सुधारहरूको एउटा निरन्तर श्रृंखला बनाउन सम्भव हुन्छ, जसले आजको पुँजीवादबाट समाजवादतर्फ लैजान्छ । यो निश्चित रूपमा एउटा कल्पना हो । वस्तुहरूको प्रकृति यस्तै छ कि यो श्रृंखला चाँडै नै टुट्दछ, र त्यस विन्दुबाट अगाडि तथाकथित गति जुन बाटोहरू भएर जान्छ त्यो अनेकौं र फरकफरक प्रकारका छन् ।

यदि हाम्रो पार्टीले आफ्नो आम तरिका फेरेर त्यस दृष्टिकोण अनुसार ढाल्दछ जुन हाम्रो संघर्षको व्यवहारिक परिणामहरूमा, अर्थात् सुधारहरूमा जोड दिन चाहन्छ तब तत्कालीन नतिजा के निस्कन्छ ? जब यी 'तत्कालीन नतिजा' हाम्रो क्रियाकलापको प्रमुख उद्देश्य बन्दछ, त्यो स्पष्टतः सम्झौताविहीन दृष्टिकोण अधिकाधिक असुविधाजनक लाग्न थाल्दछ । जसको एउटा अर्थ तबसम्म हुन्छ जबसम्म त्यसले सत्ताको विजयको प्रस्ताव गर्दछ । यसको सोझो नतिजा यो हुनेछ कि पार्टीले एउटा 'मुआवजाको नीति' राजनीतिक व्यापार मण्डलको नीति तथा आत्मनियन्त्रण, कुटनीतिक सम्झौताको रवैया अपनाउन लाग्दछ । तर यो रवैया लामो समयसम्म कायम राख्न सकिंदैन । किनकि सामाजिक सुधारले एउटा खोक्रो आश्वासन मात्रै प्रस्तुत गर्न सक्दछ, मोहभंग तत्कालीन रूपमा यस्तो कुनै कार्यक्रमको तार्किक परिणाम हुन्छ ।

यो कुरा सही होइन कि समाजवाद मजदुर वर्गको दिनदिनको संघर्षबाट आफै उत्पन्न हुन्छ । समाजवाद निम्न लिखित कुराहरूको परिणाम हो : (१) पुँजीवादी अर्थव्यवस्थाको बढ्दो अन्तरविरोधहरूको, र (२) मजदुर वर्गको यस बुझाईको (कि एउटा सामाजिक रूपान्तरण मार्फत् यी अन्तरविरोधहरूको समाप्ति अनिवार्य छ ) जब संशोधनवादी ढंगबाट पहिलो शर्तबाट अस्वीकार र अर्कोलाई अस्वीकार गरिन्छ र तब मजदुर आन्दोलन स्वयंलाई एउटा सहकारी र सुधारवादी आन्दोलनसम्ममा सीमित पाउँदछ । यहाँ हामी सोझै अगाडि बढेर एउटा वर्गीय दृष्टिकोणलाई पूर्ण परित्यागसम्म पुग्दछौं ।

यही परिणाम तब पनि स्पष्ट हून्छ जब हामी संशोधनवादको सामान्य चरित्रको छानवीन गर्दछौं । स्पष्ट रूपले संशोधनवादको सामान्य चरित्रको छानवीन गर्दछ । स्पष्ट रूपबाट संशोधनवाद यो मान्न चाहँदैन कि उसको दृष्टिकोण पुँजीवादी चम्चाहरूको दृष्टिकोण हो । बुर्जुवा अर्थशास्त्रीहरूजस्तै यसले पुँजीवादको अन्तरविरोधहरूको अस्तित्वलाई अस्वीकार गर्दैन । तर अर्कोतर्फ, संशोधनवादको आधारभूत दृष्टिकोण, जसले उसलाई सामाजिक जनवादको अहिलेसम्मको रवैयाबाट फरक गर्दछ, ठीक यही कारणले गर्दा उसले यस विश्वासलाई आफ्नो सिद्धान्तको आधार बनाउँदैन कि पुँजीवादको अन्तरविरोधहरूको समाप्ति विद्यमान आर्थिक व्यवस्थाको तार्किक, आन्तरिक विकासको फलस्वरूप नै हुन्छ ।

हामी भन्न सक्दछौं कि संशोधनवादको सिद्धान्त दुई अतिहरूको बीचमा रहेको छ । संशोधनवादले पुँजीवादको अन्तरविरोधहरू परिपक्व हुने अपेक्षा गर्दैन । यसले क्रान्तिकारी रूपान्तरणद्वारा यी अन्तरविरोधहरूको समाप्तिको प्रस्ताव गर्दैन । यसले पुँजीवादी अन्तरविरोधहरूलाई कम गर्न कमजोर पार्न चाहन्छ । उदाहरण स्वरूप उत्पादन र विनिमयको बीच विद्यमान विरोधमा कमी संकटहरूको समाप्ति र पुँजीवादी गठबन्धनहरूको निर्माणद्वारा हुन्छ, यस्तो अपेक्षा गर्ने गरिन्छ । मजदुरहरूको स्थिति राम्रो बनाएर र माध्यमवर्गलाई संरक्षण गरेर पुँजी र श्रमको द्वन्द्वमा तालमेलको अपेक्षा गरिन्छ । र सामाजिक नियन्त्रणमा वृद्धि तथा लोकतन्त्रको प्रगतिद्वारा वर्गीय राज्य र समाजको अन्तरविरोधलाई नष्ट गर्ने आशा गरिन्छ ।

पुँजीवादको अन्तरविरोधहरू विकसित हुने प्रतिक्षा गर्नु तथा तब मात्रै त्यसको समाप्तिको काम हातमा लिनु आज सामाजिक जनवादको तौरतरिका होइन, यो कुरा सही हो । यसको विपरीत क्रान्तिकारी कार्यपद्धतिको सारतत्व यो हो कि यस विकासको पुष्टि भएपछि यसैको दिशाबाट हामी मार्गदर्शित हुन्छौं र यसै दिशाबाट यो निष्कर्ष निकालौं कि राजनीतिक संघर्षको लागि कुन परिणाम आवश्यक छ । यसकारण सीमा युद्धहरू र सैन्यवादको प्रतिक्रियावादी चरित्र पूर्ण रूपमा स्पष्ट हुनुलाई प्रतिक्षा नगरिकन सामाजिक जनवादले यसको विरोध गरेको छ । बर्नस्टाइनको कार्यपद्धति पुँजीवादको विकास सम्बन्धी चिन्तन मननबाट, त्यसको अन्तरविरोधहरू कमजोर पर्ने सम्भावनाबाट मागर्ददर्शित छ । त्यसले जब पुँजीवादी अर्थव्यवस्थाको 'अनुकूलन' को कुरा गर्दछ तब यही कुरा प्रमाणित गर्दछ ।

तब यस्तो एउटा धारणा कहिले सही हुन सक्दछ ? यदि यो सही हो कि पुँजीवादले आज जुन दिशा अपनाइरहेको छ, सोही दिशामा त्यसको विकास जारी रहन्छ, तब तत्कालीन रूपमा त्यसको अन्तरविरोध गायव हुनुको सट्टा अझ स्पष्ट, अझ तीव्र हुनेछ । पुँजीवादको यस अन्तरविरोधहरू कमजोर पर्ने सम्भावना तब हुन्छ जब स्वयं पुँजीवादी उत्पादन-पद्धतिले आफ्नो प्रगति बन्द गर्दछ । संक्षेपमा, पुँजीवादी विकासको समाप्ति बर्नस्टाइनको सिद्धान्तको सामान्य शर्त हो ।

तर यसप्रकार यो सिद्धान्तले स्वयंलाई दुई किसिमले आलोचना गर्दछ ।

पहिलो कुरा यो हो कि यसले समाजवादको स्थापनासम्बन्धी धारणामा आफ्नो काल्पनिक चरित्रलाई व्यक्त गर्दछ । किनकि यो कुरा स्पष्ट छ कि एउटा दोषपूर्ण पुँजीवादी विकास एउटा सामाजिक रूपान्तरणको कारण बन्न सक्दैन ।

दोस्रो कुरा, आज जुन तीव्र पुँजीवादी विकास भइरहेको छ, त्यसको दृष्टिबाट हेर्ने हो भने बर्न स्टाइनको सिद्धान्तले आफ्नो प्रतिक्रियावादी प्रकृतिलाई स्पष्ट गरिदिन्छ । वास्तविक पुँजीवादको विकासलाई ध्यानमा राख्दै हामीले बर्नस्टाइनको रवैयाको व्याख्या गर्न सकियोस्, बरु त्यसलाई कसर प्रस्तुत गर्ने ?

पहिलो अध्यायमा हामीले ती आर्थिक अवस्थाहरूको खोक्रोपन देखाएको छौं जसलाई बर्नस्टाइनले विद्यमान सामाजिक सम्बन्धहरूको विश्लेषणको आधार बनाएका छन् । हामीले देख्यौं कि न त साख प्रणालीलाई र न त कार्टेलहरूलाई पुँजीवादी अर्थव्यवस्थाको 'अनुकूलनको साधन' भन्न सकिन्छ । हामीले देख्यौं कि न त संकटहरूको अस्थायी समाप्तिलाई न त मध्यमवर्ग कायम रहने पुँजीवादी अनुकूलनको लक्षण मान्न सकिन्छ । तर यदि हामीले बर्नस्टाइनको सिद्धान्तको यी सबै विवरणहरूको गलत चरित्रमाथि ध्यान दिनबाट चुक्यौं भने पनि हामी ती सबैमा साझा एउटा विशेषतामा नरोकिई रहन सक्दैनौं । समकालीन आर्थिक जीवनका यी अभिव्यक्तिहरू, जुन पूरा पुँजीवादी विकाससँग, पुँजीवादको समग्र आर्थिक तन्त्रसँग आफ्नो जीवन्त सम्बन्धहरूमा देखिन्छ, बर्नस्टाइनको सिद्धान्तले तिनीहरूलाई बुझ्दैन । उनको सिद्धान्तले यी सबै विवरणहरूलाई तिनीहरूको जीवन्त आर्थिक सन्दर्भबाट अलग्याएर राखिदिन्छ । यसले तिनीहरूलाई एउटा निर्जीव मेशीनको (फरक फरबक पुर्जाहरू) को रूपमा बुझ्दछ ।

उदाहरणको लागि साखको अनुकूलनकारी प्रभावबारे उनको धारणामाथि ध्यान दिऊँ । यदि हामीले साखलाई विनिमय प्रक्रियाको र यसकारण पुँजीवादी विनिमयमा निहित अन्तरविरोधहरूको एउटा उच्चतम् स्वाभाविक चरण मान्ने हो भने, साथै हामीले त्यसलाई विनिमयको प्रक्रियाबाट बाहिर, अनुकूलनको एउटा यान्त्रिक साधन मान्न सक्दैनौं । मुद्रा, माल, पुँजीलाई पुँजीवादको 'अनुकूलनको साधन' मान्नु पनि त्यसरी नै असम्भव छ ।

तर मुद्रा, मालहरू र पुँजीजस्तै साख पनि पुँजीवादी अर्थव्यवस्थाको विकासको लागि एक विशेष चरणमा त्यसको एउटा जीवन्त कडी हो । तिनीहरू जस्तै यो पनि पुँजीवादी अर्थव्यवस्थाको तन्त्रको एउटा अनिवार्य पुर्जा हो र साथै त्यसको विनासको साधन पनि, किनकि यसले पुँजीवादको आन्तरिक अन्तरविरोधहरूलाई तीव्र बनाउँदछ ।

यही कुरा कार्टेलहरूका तथा संचारका नयाँ, पूर्णतासम्म पुगेका साधनहरूको बारेमा पनि सत्य हो ।

संकटहरूको समाप्तिपछिको पुँजीवादी अर्थव्यवस्थाको 'अनुकूलन' को एउटा लक्षण बताउने बर्नस्टाइनको प्रयासले पनि यस्तै यान्त्रिक दृष्टिकोण प्रस्तुत गर्दछ । उनको विचारमा संकट मात्र आर्थिक तन्त्रको गोलमाल समान हो । उनी मान्दछन् कि तिनीहरू समाप्त हुँदा यो व्यवस्थाले ठीक ढंगले काम गर्नेछ । तर सच्चाई यो हो कि यो संकट सामान्य अर्थको 'गोलमाल' होइन । त्यो यस्तो 'गोलमाल' हो जसको अनुपस्थितिमा पुँजीवादी अर्थव्यवस्थाले विकास गर्न पनि सक्दैन । किनकि संकट यदि उत्पादनको असीमित विस्तार तथा विश्वबजारको साँघुरो सीमाहरू बीच विद्यमान टकरावलाई समयसमयमा समाधान गर्नको लागि पुँजीवादमा सम्भव एक मात्र विधि र यसकारण सामान्य विधि छ भने संकट पनि त पुँजीवादी अर्थव्यवस्थाबाट अभिन्न एउटा जीवन्त अभिव्यक्ति हुन जान्छ ।

पुँजीवादी उत्पादनको 'निर्वाध' प्रगतिमा नै पुँजीवादको लागि एउटा यस्तो खतरा मडारिइरहेको छ जुन संकटहरूभन्दा पनि बढी संगीन छ । यो खतरा हो नाफाको दरमा लगातार कमी हुनु, जुन उत्पादन र विनिमयको अन्तरविरोधबाट होइन बरु स्वयं श्रमको उत्पादकत्वमा वृद्धिबाट उत्पन्न हुन्छ । नाफाको दरको कमीमा साना र मझ्यौला पुँजीहरूको लागि कुनै पनि व्यवसायलाई असम्भव बनाइदिने अत्यन्त घातक प्रवृत्ति हुन्छ । यसप्रकार, यसले नयाँ पुँजीको निर्माण र यसकारण पुँजीको लगानीमा विस्तारमाथि सीमाहरू लगाउँदछ । र, यस प्रक्रियाको अर्को परिणाम हो संकट । समयसमयमा त्यसद्वारा पुँजीको मूल्य ह्रासको फलस्वरूप यी संकटले उत्पादनको साधनहरूको मूल्य घटाउँदछ, सक्रिय पुँजीको एक भागलाई निस्क्रिय बनाउँदछ र कालान्तरमा नाफाहरूलाई बढाउँदछ । यसप्रकारबाट त्यसले नयाँ किसिमबाट उत्पादनको प्रगतिको सम्भावनाहरू उत्पन्न गर्दछ । यसकारण संकट पुँजीवादी विकासको आगो पुनः भड्काउने साधन देखिन्छ । त्यसको समाप्ति अस्थायी समाप्ति होइन बरु विश्व बजारबाट त्यसको पूरा पूरा समाप्तिले-पुँजीवादी अर्थव्यवस्थालाई अझ अगाडि विकसित गर्दैन । यसले पुँजीवादलाई नष्ट गर्दछ ।

आफ्नो अनुकूलन सिद्धान्तको यान्त्रिक दृष्टिलाई यथोचित समय अनुसार बर्नस्टाइनले संकटहरूको आवश्यकतालाई तथा साना र मझैला पुँजीहरूको नयाँ लामबन्दीको आवश्यकतालाई पनि बिर्सन्छन् र यही कारणले गर्दा उनलाई सानो पुँजीको निरन्तर पुनरोदय पनि पुँजीवादी विकासको समाप्तिको चिन्ह जस्तो लाग्दछ तथापि यो वास्तवमा सामान्य पुँजीवादी विकासको एउटा लक्षण हो ।

यो कुरा महत्वपूर्ण छ कि एउटा दृष्टिकोण यस्तो छ जस अनुसार उपर्युक्त सबै प्रवृत्तिहरू ठीक त्यस्तै देखिन्छ जस्तो तिनीहरूलाई 'अनुकूलन' को सिद्धान्तले प्रसतुत गरेको छ । यो एक्लिएको पुँजीपतिहरूको दृष्टिकोण हो जसले आफ्नो मनमा आफ्नो वरिपरिका आर्थिक तथ्यहरूलाई त्यस्तै प्रतिविम्बित गर्दछन् जस्तो तिनीहरू प्रतिस्पर्धाको नियमहरूबाट अपवर्तित भएपछि देखिन्छन् । एक्लिएको पुँजीपतिले हाम्रो पूरा अर्थव्यवस्थाको हरेक जीवन्त अंगलाई एउटा स्वतन्त्र इकाई सम्झन्छन् । तिनीहरूलाई त्यो त्यस्तै देखिन्छ जस्तो त्यसले तिनीहरूमाथि, त्यस एक्लो पुँजीपतिमाथि क्रिया गर्दछ । यसकारण उसले यी तथ्यहरूलाई 'अनुकूलन' को सिधासादा साधनहरूलाई 'गोलमाल' मात्र सम्झन्छ । यो सही हो कि एक्लिएको पुँजीपतिको लागि संकट वास्तवमा अव्यवस्था मात्र हुन्छ, संकटहरूको समाप्तिले उसलाई जीवनको अरु केही पल दिन्छ । जहाँसम्म उसको प्रश्न छ, खास उसको लागि बजारको आवश्यकताहरू अनुसार आफ्नो अपर्याप्त उत्पादक शक्तिहरूको 'अनुकूलन' को साधन मात्र हुन्छ र उसलाई लाग्दछ कि ऊ जुन कार्टेलको सदस्य बन्दछ त्यसले वास्तवमा औद्योगिक अराजकतालाई समाप्त गर्दछ ।

संशोधनवाद अरु केही होइन, यस एक्लिएको पुँजीपतिको दृष्टिकोणबाट गरिएको एउटा सैद्धान्तिक सामान्यीकरण मात्रै हो । सैद्धान्तिकस्तरमा यस दृष्टिकोणको स्थान फोहोरी पुँजीवादी अर्थशास्त्रमा नभएर अन्यत्र कहाँ हुन्छ ?

यस सम्प्रदायको सबै गल्तीहरू ठीक सोही धारणामा आधारित छ जुन एक्लिएको पुँजीपतिको दृष्टिकोणबाट हेर्दा प्रतियोगिताको संवृत्तिहरूलाई गल्तीपूर्वक पूरा अर्थव्यवस्थाको संवृत्तिहरू मानिन्छ । जसरी बर्नस्टाइनले साखलाई 'अनुकूलन' को एउटा साधन मान्दछन्, ठीक त्यसरी नै फोहोरी अर्थशास्त्रले मुद्राको विनिमयको आवश्यकताहरू अनुसार 'अनुकूलन'लाई एउटा विवेकपूर्ण साधन मान्दछ । फोहोरी अर्थशास्त्रले पनि पुँजीवादको खराबीहरूको औषधि पुँजीवादको संवृत्तिहरूभित्रै खोज्ने प्रयास गर्दछ । बर्नस्टाइनको जस्तै त्यसको पनि यही विश्वास छ कि पुँजीवादी अर्थव्यवस्थालाई मर्यादित गर्न सम्भव छ । र बर्नस्टाइनले जस्तै त्यसले पनि कालान्तरमा पुँजीवादको अन्तरविरोधहरू समाप्तिमा पुग्दछन्, अर्थात् यस विश्वासमा कि पुँजीवादको पुरानो घाउहरूको उपचार गर्नु सम्भव छ । यसको समापन एउटा प्रतिक्रियावादी कार्यक्रमको स्वीकारोक्तिमा हुन्छ । यसको समापन एउटा कल्पना-लोकमा हुन्छ ।

यसकारण हामी संशोधनवादी सिद्धान्तको निरूपण यसप्रकार गर्न सक्दछौं । यो समाजवादी आन्दोलनमा एउटा स्थिरताको सिद्धान्त हो जसको लागि फोहोरी अर्थशास्त्रको सहायताबाट पुँजीवादी स्थिरताको एउटा सिद्धान्तको आधार बनाइएको छ ।

## निर्वाचन...

कम्युनिस्ट पार्टी नेपालका केस मनु विक, क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल सम्बद्ध क्रान्तिकारी संयुक्त मोर्चा काठमाडौँका जिल्ला संयोजक राम नेपाली, क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका वैकल्पिक केन्द्रीय सदस्य तथा काठमाडौँ महानगर समितिका सचिव पेशल दाहाल, क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल काठमाडौँ जिल्ला सदस्य मङ्गल तामाङ ७ जनालाई गिरफ्तार गरेको थियो ।असनबाट क्षेत्रपाटीतर्फ मसाल जुलुस गर्दै गइरहेका बेला प्रहरी प्रशासनले बाङ्गेमुडामा हस्तक्षेप गरी गिरफ्तार गरेको थियो।गिरफ्तारीमा परेका आन्दोलनकारीहरूलाई प्रहरीले भद्रकाली स्थित काठमाडौँ प्रहरी परिसरको हिरासतमा लिएको थियो। पौष २८ गते नै साँझ चाबहिल चोकबाट मसाल जुलुस निकाल्न थालेका नेकपा ९जनपक्ष०का नेता कार्यकर्ताहरूलाई प्रहरीले गिरफ्तार गरेको थियो। नेकपा जनपक्षका प्रेसिडियम कमिटी सदस्य दिनेश बर्तौला, नेकपा जनपक्षका कोस। टीका परेल ,नेकपा जनपक्षका मजदुर मोर्चाका अध्यक्ष कुमार घताने, महासचिव राजेन्द्र सापकोटा,मजदुरहरू बुद्धिमान तामाङ, हेम कुमार सापकोटा र महेश खवास थारु सातजनालाई चाबिलचोकबाट गिरफ्तार गरी काठमाडौँ भद्रकालीस्थित प्रहरी परिसरको हिरासतमा प्रहरीले लिएको थियो ।

काठमाडौँ भद्रकाली स्थित प्रहरी परिसरको हिरासतमा राखिएका १४ जना आन्दोलनकारीहरूलाई २९ गते राति ९ बजे रिहा भएका थिए ।

पुस २८ गते, बेलुकी काठमाडौँको कलङ्कि चोकबाट नेकपा बहुमतसम्बद्ध अखिल क्रान्तिकारीका केन्द्रिय अध्यक्ष वीरेन्द्र शाह उपाध्यक्ष, रूपा बुढा मगर, महासचिव उषा किरण आजाद, सचिवालय सदस्यहरू, पारस रहादी मगर, सर्जन पाण्डे छत्र बिक,हस्त बि। क , केन्द्रीय सदस्यहरू लक्ष्मी पाण्डे, सक्षम बि क, सुप्रिया नेपाली, समिर क्रान्ति ,स्वस्तिक अधिकारी,सन्जु चाम्लिङ राई, बजिर सिंह, क्याम्पस जिल्ला सह सचिव लोकराज शाही, विद्यार्थी कमलराज पाण्डेलाई गिरफ्तार गरेको थियो।

पुस २८ गते क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल सम्बद्ध दलित मोर्चाका संयोजक टेकबहादुर विश्वकर्मा, कार्यालय सदस्य शोभा सेन्चुरी, कम्युनिस्ट पार्टी नेपाल सम्बद्ध नौ नम्बर ब्युरो सदस्य झनक श्रेष्ठ, पाँच वर्षीय छोरी सहितलाई प्रहरीले गिरफ्तार गरेर कोटेश्वर प्रहरी चौकीमा राखिएको थियो ।

***ललितपुर***

२८ गते बेलुकी ललितपुरको लगनखेल पसाल जुलुसका क्रममा ६ जना आन्दोलनकारीहरूलाई गिरफ्तार गरेको थियो जसमा क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपाल सम्बद्ध उद्योग व्यापार संघका संयोजक शिव धिमाल वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टीका बुद्धलक्ष्मी महर्जन ठूलोमती बमबहादुर विश्वकर्माया किरण र सरल रहनुभएको थियो। बाट गिरफ्तार गरिएका नेता तथा कार्यकर्ताहरूलाई जाउलाखेलको प्रहरी परिसरको हिरासतमा राखेको थियो। गिरफ्तार छ जनालाई २९ गते साँझ मात्र प्रहरीले रिहाइ गरेको थियो ।

***बाँके***

पुस २८ गते साँझ जुलुस गर्ने क्रममा आठ जना नेता तथा कार्यकर्ताहरूलाई प्रहरी प्रशासनले गिरफ्तार गरेको गरेको थियो। क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल का वैकल्पिक ब्युरो सदस्य तथा तीन नम्बर ब्युरो इन्चार्ज दिपक शाही, क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका केन्द्रीय सदस्य गुणनिधि आचार्य,क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल सम्बद्ध अखिल क्रान्तिकारीका बाँके जिल्ला संयोजक प्रकाश विक ,क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपाल सम्बद्ध अखिल क्रान्तिकारीका विनोद ऐरी,केन्द्रीय सदस्य तथा बाँके जिल्ला इन्चार्ज विष्णु परियार, नेकपा बहुमतका बाँके जिल्ला सचिव तिलक गिरी, नेकपा बहुमतका प्रवास संयोजक दीपक तिरुवा नेकपा बहुमतकै मोहम्मद हसन आठ जनालाई चोकतर्फ मसाल जुलुस गर्दै जाने क्रममा नेपाल एयरलाइन्सको कालालाई अगाडि आन्दोलनकारीहरूलाई प्रहरीले गिरफ्तार गरेको थियो गिरफ्तार नेता तथा कार्यकर्ताहरूलाई राति अबेरतिर सोही दिन रिहा गरेको थियो ।

***मोरङ***

पुस २८ गते क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका सदस्य तथा १६ नम्बर ब्युरो इन्चार्ज सुरेन्द्र भण्डारी, क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका केन्द्रीय सदस्य तथा १६ नम्बर ब्युरो सचिव बिमल निरौला, क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपालका केन्द्रीय सदस्य सुमन पराजुली, नेकपा बहुमतका सिर्जन पौडेल, कृष्ण चौलागाई, होमनाथ खतिवडा,ऋषि कट्टेलले नेतृत्व गरेको नेकपाका चतुरमान राई लाई विराटनगरबाट गिरफ्तार गरेको थियो।उहाँहरूलाई त्यसै बेलुकी रिहा गरेको थियो ।

# Some thoughts on the land question

*Today conditions are different. On the one hand, rural landlessness has subsided. On the other hand, where there are landless farmers they are not peasants but instead rural proletarians. They are divorced not only from the land but more importantly also the tools with which they work that land. The rural population engages in wage-labor for the agrarian capitalist which hires them who then sells the commodity so produced in the market. It is simply industrial capital and not semi-feudalism in the proper sense. The bonds of feudalism and serfdom which seemed so strong have been torn asunder by the power both of the people and of the commodity economy.*

● Kisan ●

***Historical presentation of the subject:***

The communist movement of Nepal has historically been greatly inspired by the Indian communist movement. This inspiration is only natural, given that the conditions of India and Nepal are extremely similar. The basis on which both Nepali and Indian society exist are extremely close to each other. One need only recall the fact that the Communist Party of Nepal was founded in India to realize the influence the Indian communist movement has had on the Nepali communist movement. This influence is also due to another factor; that being, that the political actors in India have sought to influence Nepal. The Nepali Congress was founded by those trained by the Indian Congress. Even on the land question, the Nepali communists adopted a stance similar to that of the Indian communists. However, though still similar, the approach to the land question in India and Nepal now necessarily diverge, given the divergence in conditions between the two countries.

What is the land question? The land question concerns ownership of land, particularly in relation to agricultural land. This has also been referred to as the agrarian question. How should land be dealt with during the course of and following the social revolution? This is the land question.

The resolution to the land question for the Nepali communists up to now has been dogmatically memorized and considered suitable for Nepal, without considering Nepal's concrete conditions. The program of the Nepali communists has been that of the redistribution of land, up to this day, many communist parties call for the redistribution of lands to the peasants. This was taught to the Nepali communists by the Indian comrades, who themselves learned it from the Chinese comrades, who in turn learned it from the program of the Bolsheviks.

The program of the Bolsheviks had been that of the redistribution of land to the peasants. Stalin writes, as far back as 1906 as follows:

"We have seen that neither "socialization," nor "nationalization," nor "municipalization" can properly meet the interests of the present revolution.

How should the confiscated land be distributed? Into whose ownership should it be transferred?

Clearly, the land which the peasants confiscate should be transferred to the peasants to enable them to divide this land among themselves. This is how the question raised above should be settled. The division of the land will call forth the mobilization of property. The poor will sell their land and take the path of proletarianization; the wealthy will acquire additional land and proceed to improve their methods of cultivation; the rural population will split up into classes; an acute class struggle will flare up, and in this way the foundation for the further development of capitalism will be laid."

The Leninist program of land redistribution developed due to the correct understanding of Russia's conditions as semi-feudal, and thus requiring an agrarian revolution. Furthermore, Lenin drew up the conception of the two roads of capitalist development in the countryside. These being, the Prussian road and American road. The Prussian development of capitalist relations in the countryside occurred through a process in which the junker landlords of Prussia became bourgeois. They were no longer feudal landlords who extracted surplus-labor through rent in kind or money rent; rather, they became owners of the land who engaged in wage-labor relations. The American road on the other hand was that of agrarian transformation 'from below'. This process involved ownership of the land by those who tilled it.

Lenin understood that due to the autocratic nature of Tsarism, the American road in Russia could only occur through a violent sundering of feudal ties. This is why the program of the Bolsheviks was, correctly, that of land redistribution. The worker-peasant alliance — crystallized in the iconic hammer and sickle — was thus the core of the Bolshevik revolution.

During the transition from the NEP to socialism, the question of land was once again raised. Stalin correctly understood that the conditions in the Soviet Union were appropriate for the transition to socialism, he thus broke with the New Economic Policy. He led the initiation of the policy of collectivization. The kulak was liquidated as a class and soviet society entered socialist transition. Thus through the policy of collectivization, the socialization of land was achieved; the expropriators expropriated, and the peasants were united with the land in a higher social plane.

The Maoist approach to the land question is based on the Leninist program. The Maoists have historically been advocates of the line of redistribution. Land reform was carried out throughout China during the period of the New Democratic revolution. The Chinese people's war was an agrarian revolution, a revolution of area-wide seizure of power and the peasants — led by the proletariat — were the chief force in the struggle against the compradors and landlords.

The policy of land redistribution was put forward in India by the CPI, CPI-M and eventually, the CPI-ML. The Nepali communists who learned about Marxism through the Indians also adopted this line, that of the redistribution of land. For instance, it is well known that, inspired by the Naxalbari movement in India, the Jhapa revolt was fomented by the CPN; it was created by the hatred felt by the peasants toward the landlords who refused to give the peasants their due as was mandated by the Royal Government in 1964. Furthermore, economic semi-feudalism persisted in the countryside of Nepal, which was one of the great challenges faced by the Nepali masses. This economic backwardness is what fanned the flames of what eventually erupted into a great prairie fire, i.e., the great 10-year people's war!

Over the course of the people's war, dual power was constructed and land taken by those who tilled it. Great excitement and hope had taken hold of the broad masses of the Nepali people. The people's committees were the future, they were new Nepal in embryonic form. However, as we all know, new Nepal never came, the promise made to the millions of Nepalese was fraudulent, and the hopes of the Nepalese masses were crushed.

The people's war ended almost 20 years ago. Today, much has changed, yet much remains unchanged. Yet, this much is certain, our practice has proved that the methods used during the people's war are no longer working, the slogan, land to the tiller has become insufficient to mobilize the peasants. The question now, is why?

Land to the tiller: The changed conditions of Nepal

The slogan "land to the tiller" was one of the major slogans of the previous century which helped rally people behind the banner of the communists. Today, however, this slogan no longer has the same effects. This indicates a change in the consciousness and psychology of those in the countryside. We, as Maoists, understand that a change in consciousness is necessarily a product of the change in social conditions. The failure of the slogan of land to the tiller, it no longer being the rallying cry it once was, also necessarily has certain social causes.

The key factor causing the slogan to lose its appeal is simply the fact that landlessness is less pervasive than it used to be. Previously, and particularly prior to the people's war, relations in the countryside were decidedly feudal. Rents paid to the feudal landlords were the primary way in which surplus-labor was extracted. The feudal system wherein the land was not owned yet tools and implements regardless of their primitiveness were owned was predominant in agriculture. And so, the primary concern was the union between the peasants and the land which they worked but did not own.

Today conditions are different. On the one hand, rural landlessness has subsided. On the other hand, where there are landless farmers they are not peasants but instead rural proletarians. They are divorced not only from the land but more importantly also the tools with which they work that land. The rural population engages in wage-labor for the agrarian capitalist which hires them who then sells the commodity so produced in the market. It is simply industrial capital and not semi-feudalism in the proper sense. The bonds of feudalism and serfdom which seemed so strong have been torn asunder by the power both of the people and of the commodity economy.

First, of course, the generalization of the money form tore apart feudal ties. As Engels explains in Anti-Duhring, the money-form as the most generalized form of the value-form is the solvent which dissolves all hitherto existing modes of production and supersedes it, incorporating it, into capitalism. In Nepal a mix of the Prussian and American path to bourgeois agrarian evolution has occurred. On the one hand, the people's war demolished the feudal landholdings and redistributed it among the peasants leading to the creation of petit bourgeois farmers. However, a lot of the land which was distributed to the peasants was recaptured after the people's war through various means. And so, people have been compelled into servitude as an agrarian wage-slave.

We see regardless that peasants as such, those who own instruments of labor but not the land are rare. Instead in agriculture, we see three classes emerging: 1) The petit bourgeois farmer, this can be subdivided further, 2) the agrarian capitalist, 3) the rural proletariat.

In this context, we are compelled to ask: is the slogan "land to the tiller" going to be effective? For the petit bourgeois farmer already owns the land he tills. And the rural wage-laborer's primary concern is not ownership of the land (alone). To go from a wage-laborer to a land-owner is a retrogressive act. As this simply enlarges the class of petit bourgeois farmers at the expense of the rural proletariat.

Instead the real solution here is the negation of the negation. It is the reunion of the class alienated from the means of production (including land) with the means of production, as a whole, a higher union. To give to the wage-laborer a parcel of land is to transform them into a petit bourgeois, which is contrary to Marxism. Marxism recognizes that the petit bourgeoisie is a vacillating class which can only barely be trusted. As such, and though we recognize an alliance with the petit bourgeoisie as valid, transforming wage-laborers into the petit bourgeoisie is not valid. Not only is it not valid, it is also ineffective as a rallying cry!

***Redistribution or Socialization?***

So, the question essentially amounts to, what character ought the agrarian transformation take. It is clear that bourgeois commodity relations dominate the countryside. The oppression and exploitation faced in the countryside is no longer of a really feudal character; instead we are seeing the rise of petit bourgeois farmers who sell their produce and of the agrarian capitalist who exploits the labor power of the small-holder or landless farmer. It should be clear thus that the policy of redistribution is therefore completely reactionary. Unlike Russia, China or even Nepal prior to the people's war, feudal land relations which made the policy of redistribution effective and necessary no longer prevail today.

A two-fold policy therefore ought to be utilized with respect to the countryside. Firstly, the petit bourgeois proprietors ought to retain their holdings. From the view of the class struggle, the petit bourgeois proprietor, is the most numerous class ally of the proletariat for the upcoming struggle. The feudal peasants are a dwindling class. They no longer form the crux of the agricultural laborers. To ally with them against landlordism, or to say that we must ally with them against landlordism is much akin to trying to find a black cat in a black room during the darkest night of the year where there is no cat! It is simply put to grope blindly at a vestige of what once was. Feudal landlordism was once a great evil that plagued all corners of the country. Today however, landlordism proper, has all but disappeared. Therefore, it is not the peasant but the petit bourgeois farmer who is the greatest ally of the proletariat in the struggle against imperialism. Given this fact, the proletariat and its party, the communists must concede to them their land, which it must not encroach upon through force and coercion. Doing so would be a left-deviationist error of the Luxemburgist type.

This of course is not to say that we must allow them to accumulate and enrich themselves and transform themselves into kulaks. That would contrarily be a right-opportunist error of the Bukharinist type. Instead, the road must be that which Lenin laid out and which Mao implemented. The policy with regard to the petit bourgeois farmer must be that of cooperation. There must be an incentive, through taxes, to enable the farmers to combine into agricultural cooperatives, which, as has been shown by the Chinese experience, have the potential to become rural soviets/communes. The policy here ought to be that of uncoercive formation of cooperatives and ultimately soviets. This is the policy that ought to be employed regarding the petit bourgeois farmers, who are not a sharp threat to the revolutionary transformation of society and who are in fact the most numerous and populous ally of the proletariat in the transformation of society. This is the only way to prevent both Luxemburgist-leftist and Bukharinist-rightist errors.

The other policy is that regarding the agricultural capitalist. During the period of the people's war, the question of what to do with the agricultural capitalist was almost irrelevant. This is since, the बाँकी ८ पेजमा

## सहिद शशी रेग्मीको सम्झनामा

# मुक्तिको मसाल फेरि भर्भराएर बल्ने छ



● अम्बिका मुडभरी ●

*दुनियाँ बदल्ने जिम्मा छ हाम्रो*
*संसार सजाउने अभिभारा हाम्रो*
*हामी नै हौं इतिहास कोर्न सक्ने*
*पतझडमा सुन्दर फुल फुलाउने*

उत्पीडनका साङ्लाहरू तोडेर मुक्ती यात्रा तय गर्न कैयौंपटक निमोठ्न पर्छ आफ्ना निजि रहर र आकांक्षालाई। मनको अन्तस्करणबाट जबर्जस्ति निकालेर थन्क्याउनु पर्छ मातृ वात्सल्यलाई। हजारौं घन बजारे पनि नढल्ने कठोर आत्मसंघर्ष र अन्तर्संघर्षबाट गुज्रनु पदर्छ। महिलाहरू घरको चौघेरो नाघेर निस्कँदा बाइफाले भनेर गिज्याउने सामन्ती दाह्रा नंग्रा भाँच्न बागी बनेर उठ्नै पर्छ। मुक्तिको सपना रोपेर सुन्दर संसार फुलाउन निजि जीवन भत्काउने दुस्साहस गर्नै पर्छ, त्यो पनि एकपटक हैन कैयौंपटक। कमजोर भइ पाइलाहरू लडखडाउन सक्छन्, लडिन् सक्छ। फेरि धुलो टकटक्याउँदै उठ्ने आँट गर्नै पर्छ। यी सबै जोखिम मोलेर कयौंपटक मर्न पर्छ र मात्रै सम्भव छ मुक्ति। सयौं बारबन्धन तोडेर स्वतन्त्रता र मुक्तिको सुन्दर यात्रा रोज्न लालयित बन्ने जीवन यात्रामा निजि सम्पत्तिको मोह त्यागेर घरमा ताल्चा ठोकेर सपरिवार युद्धमा होमिन जो कोहि मान्छेले कहाँ सक्छ र रु मुक्ति पथको एक यायावर बन्न दृढ संकल्प लिएर निस्केको यात्री बाँचेकाहरूलाई सपना नमार्ने सन्देश दिंदै ढल्यो। जोधाहा यात्रीको सपना शाही जल्लादहरूले खोसिदिए सदाका लागि।

नेपाली समाजमा व्याप्त बिकृती, बिसंगती, हजारौं वर्ष देखि उत्पीडनका दलन मुनिबाट मुक्ति, समानता र स्वतन्त्रताको जिजिविषा बोकेर काँडेतारको यात्रामा निस्केका समरका यात्री मध्येका एक चम्किलो तारा हुनुहुन्छ शशि रेग्मी।

शशि रेग्मी आमा हुमादेवि र बुबा बिष्णुहरी मरहट्टाका आधा दर्जन छोराछोरी मध्ये माइली छोरिको रूपमा २०२० साल मंसिरमा जन्मनु भएको थियो। गोर्खा जिल्लामा शिक्षाका अग्रणीहरू मध्येका एक शिक्षक बुबा बिष्णुहरी र आमाको प्रेरणाका कारण उहाँको अध्ययन सरलता पूर्वक अघि बढ्यो। गोर्खा जिल्ला राजनैतिक र सामरिक चेतनाको हिसाबले अग्रभागमा रहेको जिल्ला र सदरमुकाममा हुर्केका कारण शिक्षाको सहज पहुँच थियो। त्यही कारण होला उहाँको परिवारमा बुबा सहित पाँच जना शिक्षण पेशामा लाग्ने उन्नत चेतनाको पृष्ठभुमि तयार भयो। यहि अध्ययन अध्यापनको यात्रामा बढ्दै जाँदा कहिले कसरी कम्युनिस्ट पार्टीमा हिँड्ने भइछु आफुले पत्तै नपाएको बताउनुहुन्छ मरहट्टा आमा। निरंकुश पञ्चायती ब्यावस्थाका दबदबा बिच गोर्खा जिल्लाकै अश्राङ्गमा शिक्षक भएसंगै गुप्त रूपमा संगठन गर्दै हिँड्ने र शिक्षक आन्दोलनमा सक्रिय छोरीलाई माग्न त अरु पनि कति धेरै मान्छे आए, तर बिहे गर्न नमान्ने छोरी चितवनबाट टंकबाबुहरू गए पछी मेरो राजनीतिसंग मेल खाने रहेछ बिवाह गर्छु भनेको बिगत सम्झनु हुन्छ बुबा बिष्णुहरी। विवाह पछी पनि राजनीति नरोक्ने सहमति भएर बिबाह गर्न तयार हुने त्यो चेतना तत्कालीन समाजको अग्रगामी र प्रगतिशील चेतना थियो। २०३५/०३६ सालको विद्यार्थी आन्दोलन हुँदै निरंकुश पञ्चायती व्यवस्थाका विरुद्ध सक्रिय चितवन गुन्जनगरका टंक रेग्मिसंग २०४१ जेठ ३ गते बिबाह पछि उहाँ रेग्मी परिवारको काँहिली बुहारी बन्नु भयो। बुहारी मध्येकि शिक्षित, सचेत र जुझारु शशी आन्टिको (मैले आन्टी सम्बोधन गर्दथें) राजनीतिक जीवन दुई छोराको जन्म र जिविकोपार्जनका लागि उत्पादन संघर्षले केही सुस्त त भयो तर मनको अँगेनो भित्र मुक्तिको भुंग्रो भने जोगाई राख्नु भएको थियो।

२०४३ मा जेठो छोरा रिकेस र २०४६ मा कान्छो सबिनको जन्म पछि शशी आन्टीको भुमिका टंक रेग्मी ९ गोर्खाली अंकल० को राजनीतिक जिवनको उर्जा र सहयोगी रह्यो। पारिवारिक ब्यवस्थापन आफुले सम्हालेर गोर्खालीको राजनितीक जिवनको बाटो फराकिलो बनाउँदै उहाँ दरिलो खम्बा बन्नु भयो। निरंकुश पञ्चायती व्यवस्था बिरुद्धको आन्दोलन होस वा एक बाम एक ठामको नारा लागेको २०४९ को स्थानीय निर्वाचन हुँदै महान जनयुद्धको प्रक्रियामा सहभागिताको निम्ति निरन्तर उत्प्रेरक बनेकी शशी आन्टी निडर र निर्भीक महिला भएको स्मरण गर्नुहुन्छ उहाँको जीवन साथी गोर्खाली।

२०५३/०५४ तिर गोर्खाली अंकललाई ढाड्को गम्भीर समस्या देखा पर्‍यो। काठमाण्डुको बि एन्ड बि अस्पतालले मेरुदण्डको क्यान्सर हो, निको हुँदैन भनेको थियो। भारत लगेर उपचार गर्ने सल्लाह हुँदा परिवारका अरु कोहि सदस्य तयार भएनन्। त्यस्तै चालीस पचास हजार खर्चको अनुमान गरेर शशी आन्टी आफैंले हिम्मत गर्नु भयो। त्यो बेलामा त्यति पैसाले एक डेढ बिघा खेत आउँथ्यो। उहाँले मान्छे भन्दा सम्पत्ति ठुलो हुँदैन भनेर जिद्दी गरेर पटना लगेर अपरेसन गराउनु भयो। शशी अन्टिको अडान र हिम्मतले गर्दा नै आफुले पुनर्जीवन पाएको जस्तो लाग्छ गोर्खाली अंकललाई।

आफ्ना पाँच आमा ठुलीआमा मध्ये काँहिलि काकी शशी साथी जत्तिकै सरल, प्रिय र गम्भीर अभिभावक जस्तो लागथ्यो सरस्वती पोखरेललाई। गोर्खाली अंकलको जेठा दाजुको छोरी सरस्वती र शशी आन्टी वर्गसंघर्षका तुफानी दिनहरूमा घरधन्दा, खेतिपाती बस्तुभाउ सबै भ्याएर संगठनका काममा पनि उत्तिकै सक्रिय हुनुहुन्थ्यो। घर देखि संगठन सम्म सहकार्य गरेका ती दिन सम्झँदा सरस्वती दिदिको आँखा रसाउँछन र शरीर भरी काँडा उम्रन्छ। शशि आन्टीका संघर्षलाई सम्झदै सरस्वती दिदी भन्नू हुन्छ 'भाइहरू ससाना थिए। परम्परागत हैन उन्नत खेती गर्नु पर्छ भनेर आन्टिले केरा खेती शुरु गर्नु भयो। घरको काम भ्याएर साइकलमा केरा बेच्न हिँड्नु हुन्थ्यो। रातभरि धानर गहुँ काट्नु, पार्टीको योजनाका सामुहिक खेती वा श्रमदान गर्न जुट्नु, बिहान घरधन्दा सकेर बच्चा स्कुल पठाउनु, दिनभरी संगठनको काम पनि गर्नु, साँझ घर आएर खाना ख्वाई सकेर फेरि रातभरि संगठन निर्माण वा पार्टीको अरु काममा खटिनु' नियमित दैनिकी जस्तै थियो। त्यो बेलामा यत्रो काम कसरी सम्भव भयो होला भनेर सरस्वती दिदी आफैं छक्क पर्नु हुन्छ। उहाँहरू दुवैजना अखिल नेपाल महिला संघ (क्रान्तिकारी) को इलाका कमिटीमा हुनुहुन्थ्यो। घरका आमाछोरी उहाँहरू संगठन र संघर्षमा भने सहयोद्धा कमरेड हुनुहुन्थ्यो। वर्ग संघर्षका ती आँधिमय दिनहरू प्रति सरस्वतीलाई गर्व छ। आर्थिक अभाव र साधन श्रोतको कमि बीच पनि सांगठनिक कामले कहिल्यै उखरमाउलो गर्मी पनि भनेन, शितलहरको ठिहिले रोक्न सकेन र झरिले छेक्न सकेन। शशी आन्टी र दुर्गा सुवेदी भाउजुसंग साइकलमा संगठन निर्माण र संघर्षका कार्यक्रममा दौडिएको सम्झना साइकलको चक्का घुमेझैं अहिलेपनी सरस्वती दिदिको स्मृतिमा घुमी रहन्छ। रक्सी खाने र जुवातास खेली रहेका मान्छेहरू उहाँहरूलाई देखेर गुरुरु भाग्दथे। आफू तीन महिनाको सुत्केरी हुँदा पटुका कसेर ठुलो एटलस साइकलमा शशी आन्टीलाई समेत डबल हाँकेर घरबाट झण्डै बीस किमि पर देवनगरको महिला सम्मेलनमा पुग्ने सरस्वती दिदिलाई आज माओवादी आन्दोलन 'के सोचे मैले, के भयो ऐले' भन्ने गित जस्तै लाग्छ। मुटु टुक्रिएर आक्रोशित बनाउँछ।



शशी रेग्मी (क.अर्चना) लालसलाम

चिरञ्जीवी सर सरस्वती पोखरेलका जीवन साथी हुनुहुन्छ। जनयुद्धको समयमा धादिङ जिल्लाको जोगिमारा स्कुलमा शिक्षक हुनुहुन्थ्यो। जनयुद्धको कैयौं भिडन्तका तयारी, जनमुक्ति सेनाको मुभमेन्ट र पार्टीका कतिपय आन्तरिक छलफलको समेत साक्षी बन्नु भएका चिरञ्जीवी सर सहिद केशव रिमाल समरको सहपाठी र चितवनको विद्यार्थी आन्दोलनका एक नेता समेत हुनुहुन्छ। सहिद हुनुभन्दा केही दिन अगाडि २०६१ मंसिरको दोश्रो साता शशी आन्टी सहितको ठूलो टोली चिरञ्जीवी सरले अध्यापन गर्ने जोगिमारा स्कुल पुगेको थियो। त्यहाँ दुई तीन दिन बस्दा पार्टी आन्दोलन र पारिवारिक छलफल गरेर छुट्नु भए पछि फेरि भेट भएन। त्यही भेट नै अन्तिम भेट भयो। चिरञ्जीवी सर शशी आन्टीलाई श्रीजनशिल, निडर र जुझारु संगठक, ममतामयी तर निर्भीक आमा, वर्गप्रती निष्ठावान र आदर्शमा दृढ एक कुशल नेतृत्वका रूपमा सम्झनु हुन्छ।

२०५५/०५६ मा देवनगरमा सम्पन्न अखिल नेपाल महिला संघ ९क्रान्तिकारी ० को इलाका सम्मेलन बाट सदस्यमा चुनिनु भएकि शशी आन्टी जाँडरक्सी जुवातास विरुद्धको अभियानमा निकै सक्रिय हुनुहुन्थ्यो। जीवन साथी टंक रेग्मी पूर्णकालिन बनेसंगै शशी आन्टी पनि राज्यको वक्र दृष्टिमा पर्न थाल्नु भयो। आन्दोलन बिकासको तिब्रता संगै राज्य झन धेरै निरंकुश र आतंकित बन्दै गइ रहेको थियो। संकटकाल लागे पछी राज्यको श्वेत आतंक पश्चिम् चितवनमा व्यापक भयो। दिनहुँ घर खानतलासी गर्ने, भकारी र बोरामा हतियार लुकाएको बहानामा संगिन रोपेर भकारी र बोरा फोरि दिने, गहुँ र धान, तोरि र कोदो एकै ठाउँमा मिसमास पारी दुख दिने गर्थ्यो। एक दिन गिता आचार्य समीक्षा, सम्झना श्रेष्ठ शान्ति, सरिता लगायत साथीहरू हामी दिब्यनगर हरि पौडेल बाको घरमा थियौं। शाही सेनाले पश्चिम चितवन घेरा हाल्ने र सर्च अभियान व्यापक पारेको सुचना हामिसम्म पुग्यो। घरका टिभी, रेडियोहरू आँगनमा पछारेर फुटाई दिने, घरमा लगाएका बारबेर भत्काउने, बिना कारण मानिसहरूलाई निर्घात पिट्ने, गिरफ्तार गर्ने क्रम जारी नै थियो। हामी बस्तिबाट केही सुरक्षित ठाउँ तर्फ लाग्यौ। हाम्रो रक्षा कवच बनेर हरेक बस्तिले सुचना दिने र अहोरात्र गस्ती गरि रहेकै हुन्थ्यो। साँझ केही स्थानीय साथीहरू लिएर शशी अन्टि भएकोमा पुगे। सेनाले पिटेर अन्टिको अनुहार फुलेको थियो। फुटेको टिभीका टुक्राटुक्रि बटुलेर रिकेश, सबिन खेलिरहेका थिए। गाँउलेहरूका अनुहारमा व्याप्त सन्त्रास बिच निरीह देखिनु भएकी शशी अन्टिको मुहारमा हामी पुगेपछि एकाएक चमक देखियो। मेलामा आमाको हात छुटेर आत्तिएको बच्चाले आमा भेट्दा झै खुशीले छाद हाल्दै अङ्गालो मार्नु भयो। नानी म सकुशल छु, पार्टीले चिन्ता लिनु पर्दैन। शाही जल्लादहरूको बर्बरता विरुद्ध हामी लड्छौ। तपाईहरू निरधक्क लाग्नु होसु भनेर झनै उर्जा पो थप्नु भयो। राज्य आतंक विरुद्ध नझुक्ने संकल्प गर्दै दरिलो हात मिलाएर हामी बिदा हुदै गर्दा मलिन स्वरमा बुबा गिरफ्तार परेको कुरा बताउनु भयो। शशी अन्टिलाई हौसला दिन गएकी म बाबाको गिरफ्तारीको सुचनाले अवाक भएँ। गिरफ्तारीको शिलशिला जारी थियो। आफुले पाएको यातना र बाबाहरूले सामना गर्ने सम्भाबित दुव्यवहार सम्झेर मन उद्देलित हुँदै बिदा भयौं। मेलापात गर्न आउने खेताला र गाइबस्तु किन्न आउने ब्यापारी समेत माओवादीको आरोपमा रामधुलाईमा पर्दथे। यो सबै हर्कतको मोहरीमा शशी आन्टी, मेरो आफ्नै बुबाआमा लगायत अधिकाश गाउँलेहरू हुनुहुन्थ्यो।

म भर्खरै जेलबाट छुटेर कार्यक्षेत्रमा थिएँ। लक्ष्मी दिदी जेलमै हुनुहुन्थ्यो। सहिद तथा बेपत्ताका परिवार, जेलरहिरासत मा रहेका बन्दीका परिवार र पूर्णकालिन कार्यकर्ताको परिवारलाई खेतिपातिको काममा सहयोग गर्ने पार्टीको नीति थियो। यस्ता सामुहिक श्रम कार्यमा हाम्रो परिवार, शशी आन्टिहरू टिमबद्ध सामेल हुनुहुन्थ्यो। सामुहिक श्रमको यो परिपाटी जिल्ला व्यापी थियो। पार्टी कार्यकर्ता सहित समर्थक, शुभचिन्तक जनता समेत उक्त श्रम सहकार्यमा स्वत स्स्फुर्त परिचालन हुन्थे। पूर्वी चितवनका कार्यकर्ता पश्चिम चितवन र माडी सम्म पुग्दथे भने माडी र पश्चिम चितवनका जनता समेत पूर्वी चितवन पुग्दथे। सामुहिक श्रमको यहि योजना अन्तर्गत भिमनगरको हाम्रो घरमा आलु रोप्ने योजना थियो। हाम्रो घर त्यसै पनि सुरक्षा निगरानीमा थियो। त्यो क्षेत्रमा काम गर्ने कार्यकर्ताको पनि बाक्लो आउजाउ हुन्थ्यो। आमालाई पार्टीका साथिहरूले 'हाम्रो आमा' भन्थे। २०५८ को मंसिर १७ का दिन आलु रोप्ने खेतबाटै सेनाले गाउँ घेराउ गरेर बुबालाई गिरफ्तार गरेको रहेछ। त्यही दिन

फुलबारीबाट नारायण श्रेष्ठ (शारदा श्रेष्ठका बुबा), कलाकार बर्षा गजमेरको बुबालाई एउटै भेनमा कोचेर दुर्व्यावहार गर्दै लगेको रहेछ। गिरफ्तारीको शृङ्खला व्यापक पारेर कवि चेतकान्त चापागाईं, भिमराज अधिकारी, एकराज डल्लाकोटी, यज्ञ घिमिरे, गणेश कुमार श्रेष्ठ लगायत सैयौं समर्थक शुभचिन्तकहरूलाई गिरफ्तार गर्‍यो। ०५९ बैशाखमा शोभा कट्टेल र सावित्री आचार्य, भदौमा शारदा श्रेष्ठ दिदी र मंसिरमा म आफू समेत पुन गिरफ्तार परेपछि दमनको चपेटामा शशी आन्टी माथी सुरक्षा खतरा झन धेरै बढेर गयो र केही समयपछि उहाँ पनि पूर्णकालिन हुनुभयो। खेतीपाती छिमेकीको जिम्मा लगाएर दुबै छोराहरू (रिकेश र सबिन) समेत साथमा लिएर सपरिवार घरमा तल्चा ठोकेर क्रान्तिको यात्रामा निस्कने निर्णयमा पुग्नु चानचुने हिम्मत थिएन।

पूर्णकालिन बनेसंगै उहाँको कार्यक्षेत्र पूर्वी चितवन तिर भयो। अखिल नेपाल महिला संघ (क्रान्तिकारी) को जिल्ला सदस्य र पार्टीको ईलाका सदस्यको भुमिकामा कृयाशिल हुनुहुन्थ्यो। सेनाको पार्टीकरण र पार्टिको सैनिकिकरणको योजना अनुरूप थुप्रै फौजी काममा समेत सहभागी हुनुभयो। कृष्णभिर भिडन्तको समयमा शशी आन्टी, उहाँको जीवन साथी गोर्खाली र जेठो छोरा रिकेश तिनै जना सहभागी हुनुहुन्थ्यो। उहाँ आफू आपूर्ति बिभागमा, गोर्खाली स्वास्थ्य पोस्ट र रिकेश जनमुक्ति सेनाको फर्मेसनमा हुनुहुन्थ्यो। कति निर्मम हुन्छ है युद्ध रु भीषण गोलाबारी चलिरहेको छ। मध्य दिनमा आमनेसामने दोहोरो भिडन्त जारी छ। आँखै अगाडि दुश्मन सेना पनि ढलेको छ, सहयोद्धा पनि ढलेको छ। कति खेर को मारिने कुनै निश्चित छैन। बमको धमाका र बारुदको धुवाँ भित्र मृत्युको अनौठो कोलाज निर्माण भइ रहेको छ। गोर्खालिको स्वास्थ्य पोष्टमा घाइतेहरू आउने क्रम जारी छ। उनको मनमा आशंका र त्रास संगसंगै छ। रक्तमुछेल घाइतेहरू पोष्टमा आईपुग्दा त्यो मान्छे कहिँ आफनै छोरा वा श्रीमतीको त हैन भनेर गोर्खालिलाई नजानिदो ऐंठन हुन्थ्यो। जतिसुकै क्रान्तिकारी मान्छे भए पनि आफ्नो मान्छे गुमाउने डर अलिक धेरै हुँदोरहेछ। मर्ने वा मारिने खतरा त सधैं थियो तर एउटै मोर्चामा श्रीमती र छोरा सहित लडेका गोर्खालिलाई त्यो दिन सम्झदा आज पनि गर्व संगसंगै अत्यास *बाँकी ८ पेजमा*

❑ यो साता कविता

## कागजी मत, वास्तविक विद्रोह



❑ प्रभात भट्टराई

*हामीलाई भनिन्छ*
*मत हाल, चुप लाग, पालो कुर्नु*
*तर इतिहास चिच्याइरहेको छ–*
*सत्ता कहिल्यै*
*मतपेटिकाबाट खसेको थिएन ।*
*सर्वहारा बोल्छ,*
*यो संसद*
*बुर्जुवाको रंगशाला हो,*
*जहाँ श्रमले ताली बज्छ*
*र मालिकले फैसला लेख्छ ।*
*मत हाल्नु अघि सोध–*
*जहाँ राज्य नै*
*हाम्रो पसिनाको शत्रु छ,*
*त्यहाँ चुनाव*
*कसको पर्व हो ?*
*सर्वहाराको स्वर हावामा बाँकी छ–*
*"संसद तबसम्म बोल्छ*
*जबसम्म जनता चुप छन् ।"*
*हामी उठ्ने क्षण*
*उनीहरूको लोकतन्त्र*
*नाङ्गो हुन्छ ।*
*त्यसैले*
*धोका दिने मतपत्र अस्वीकार गर्नु*
*अराजकता होइन,*
*वर्गचेतनाको सुरुवात हो ।*
*सर्वहारा बोल्छ –*
*जब सडक तात्छ,*
*चुनाव शान्तिको नाटक बन्छ ।*
*क्रान्तिको घडीमा*
*मतपेटिका होइन,*
*जनशक्ति निर्णायक हुन्छ ।*
*आज पनि सोध–*
*के यो सरकार*
*जनताको हो ?*
*कि डरले काँपेको सत्ता*
*वैधता खोज्दै*
*चुनावको मुखौटा लगाएको छ ?*
*यदि हो भने–*
*त्यो मुखौटा च्यात्नु*
*बहिष्कार हो ।*
*कठोर सत्य–*
*दमनकारी राज्य*
*कहिल्यै निष्पक्ष हुँदैन ।*
*उसको चुनाव*
*हामीलाई जिताउन होइन*
*हामीलाई बाँध्न हो ।*
*जहाँ बन्दुक राज्यतर्फ,*
*र मत जनता तर्फ फर्किएको छ,*
*त्यहाँ बहिष्कार*
*कमजोरी होइन,*
*राजनीतिक युद्ध हो ।*
*सर्वहारा सम्झाउँछन्–*
*जनता उठिसक्दा*
*पुरानो राज्य कागजको घर बन्छ ।*
*त्यस घरमा मत छिराउनु*
*आगो निभाउनु हो ।*
*जब जनसत्ता*
*बीउ बनेर उम्रन्छ,*
*त्यस बेला*
*चुनाव होइन,*
*अस्वीकार नै घोषणापत्र हो ।*
*त्यसैले हामी भन्छौं–*
*यो बहिष्कार पलायन होइन,*
*यो इतिहास रोज्ने साहस हो ।*
*मत होइन,*
*मान्छे निर्णायक हो ।*
*पेटिका होइन,*
*जनता शक्ति हो ।*
*हामी चुनाव छोड्छौं*
*सत्तालाई वैध बनाउन होइन,*
*सत्तालाई प्रश्न गर्न ।*
*किनकि–*
*साँचो लोकतन्त्र*
*मतपत्रमा होइन,*
*उठेको जनतामा हुन्छ ।*


यी जनपक्षीय मिडियाहरु खोजी खोजी पढौं !

- www .moolbato .com
- www .hanktoday .com
- www .daunnenews .com
- www .isthaniyapatra .com
- www .navadristi .com
- www .hamrokalapani .com
- www .hamroonline .com
- www .newsabhiyan .com
- वर्गदृस्टि साप्ताहिक
- हाँक साप्ताहिक

वर्गदृष्टि
Bargadristi Weekly साप्ताहिक

# यो चुनावको कुनै अर्थ र औचित्य छैन : मोहन वैद्य किरण

अहिलेको घटनाक्रम हेर्दा महत्वपूर्ण पक्ष भनेको देशको सार्वभौमिकता र राष्ट्रिय स्वाधीनताको स्थिति हो । यो निकै नै गम्भिर देखिएको छ ।

***यहाँले भन्न खोज्नुभएको यो जेनजी परिघटनामा भूराजनीतिक स्वार्थले प्रमुख रूपमा भूमिका खेल्यो भन्ने हो ?***

सिंहदरबार, संसदभवन, सर्वोच्च अदालत, राष्ट्रपति भवन जलाउँदा यहाँको सुरक्षा फोर्सले के हेरेर बसेको थियो रु यहाँको सेनाले के हेरेको थियो रु स्थिति कस्तो बन्यो भने निर्वाचित प्रधानमन्त्री, राष्ट्रपतिलाई, संसदवादी र प्रतिपक्ष दलका नेताहरूलाई सेनाले गिरफ्तार गर्छ, भन्नलाई सुरक्षाका निम्ति सुरक्षित स्थानमा राखिएको भनियो । तर त्यो गिरफ्तारी नै हो ।

संसदवादी दलहरूले संसद सबभन्दा ठूलो हो । देशको सार्वभौमिकतालाई संविधानमा महत्व दिएर राखेका छौं भनेर भन्दै आएका थिए । त्यो कहाँ गयो रु देश कसको हातमा छ रु प्रधानमन्त्रीको हातमा त रहेन । राष्ट्रपतिको हातमा पनि रहेन । सामान्यतः हेर्दाखेरि अब सेनाको हातमा गयो देश । सेनालाई कसले चलाउँछ रु संविधानले, राष्ट्रपतिले अर्थात् संसदीय दलको नेता प्रधानमन्त्रीले रु सेनालाई यिनले चलाउने हो कि अरु कसैले चलाउने हो रु आखिरमा प्रश्न सेनातिर जान्छ ।

यो समग्र घटना प्रक्रियामा संसदीय व्यवस्थाको असफलता त छँदै थियो, संसदीय दलका नेताहरूको असफलता पनि छँदै थियो । के बुझ्न जरुरी छ भने जेनजी परिघटनापछि राष्ट्रिय स्वाधीनतामाथि ठूलो खतरा पैदा भएको छ ।

***यहाँले सेनाको भूमिकामाथि गम्भीर प्रश्न उठाउनु भयो । सेनाले त राज्य शून्यतामा पुगेकोले समन्वय मात्रै गरिदिएको हो । देश राजनीतिक पार्टीले यही संविधान अनुसार चलाउने हो । चुनावबाट आएका राजनीतिक पार्टीहरूले देशको नेतृत्व गर्ने अभिव्यक्ति त दिइरहेको छ नि ?***

भन्नलाई त्यसो भनिएको होला, तर त्यसो किन गर्नुपर्‍यो रु यत्रो उद्युम र विध्वंश किन मच्चाउनु पर्‍यो रु त्यसको परिणाम के हो रु संसद विघटन गरेर, संसदको ठाउँमा त्यही संसद आउने, ल्याउने रु यसको त कुनै अर्थ भएन नि त रु ओलीलाई मात्रै हटाउनु थियो भने यत्रो विध्वंश किन मच्चाउनु पर्थ्यो रु अर्कोकुरा सार्वभौमसत्ता कसको हातमा छ रु भन्ने गम्भीर प्रश्न खडा भयो । जवाफ दिनुपर्छ सबैले, सेनाले पनि दिनुपर्छ- कसले चलायो सेनालाई रु सिंहदरबार सुरक्षा गर्न बसेको सेनाले किन सिंहदरबारको सुरक्षा गर्न सकेन रु त्यत्रो २४ गतेको परिघटनामा सेना कहाँ गएको थियो रु उ त मन्त्रिहरू, प्रधानमन्त्री र अन्य संसदवादी दलका नेताहरूलाई गिरफ्तार गर्नेमा व्यस्त देखियो । मिठो शब्दमा सुरक्षाका लागि सुरक्षित स्थानमा राखिएको भनियो तर त्यो योजनाबद्ध गिरफ्तारी थियो ।

सेनाको प्रश्न जेनजीसँग पनि जोडिन्छ । जेनजीहरूले सुशासन, भ्रष्टाचारको विरोध, अभिव्यक्ति स्वतन्त्रताको पक्षमा आवाज उठाएर आन्दोलन सुरु गरेका थिए, त्यो स्वभाविक नै थियो । त्यो आन्दोलनमाथि गोली हानियो, युवा विध्यार्थीहरूको हत्या गरियो, त्यो एकदम गलत भएको थियो । तर भदौ २४ को घटना जेनजीको हातमा रह्यो कि रहेन रु यत्रो घटनामा सेनाको भूमिका के हो रु प्रश्न त उठ्यो नि । सेनालाई कसले चलायो रु यो प्रश्नको जवाफ चाहिन्छ । प्रत्यक्ष रूपमा नदेखिएपनि यसलाई बाह्य चलखेल हो भनेका छन् । मुख फोरेर भनेका छैनन् तर सेनालाई बाह्य शक्तिले चलायो भन्ने गम्भीर आशंका छ । साम्राज्यवादी विस्तारवादी शक्तिहरूले नै यो परिघटना घटाएका हुन् भन्ने देखिन्छ ।

***भनेपछि जेनजी परिघटना एउटा प्रायोजित थियो । नियोजित रूपमा यो घटना घटाइयो भन्ने हो यहाँको विश्लेषण ?***

सुरु स्वतःस्फूर्त रूपमा भयो । तर जेनजी आन्दोलनको नेता को हो भन्दा त कोही पनि छैनन् । नेता र संगठन विना २४ गते कसरी देशव्यापी रूपमा बनिबनाउ घटना घट्यो रु यो विश्लेषण गर्न जरुरी छ । प्रायःले बाह्य घुसपैठ भन्छन् । घुसपैठ पनि हो । चलखेल पनि हो । अहिलेको स्थितिमा हेर्दा भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादको पहलमा भइरहेको देखिन्छ । किन भयो त भन्दा उनीहरू आफ्नो स्वार्थ अनुसार जान चाहन्छन् । पुराना दलालहरूभन्दा नयाँ दलालहरू स्थापित गर्न खोजिरहेका छन् । विकल्प के हो त रु नयाँ विकल्प भनेर अहिले जे आइरहेको छ, त्यो विचित्रको छ । नयाँ विकल्प भनेको त राजनीतिक विकल्प पो हुन्छ त । खोइ राजनीति रु त्यही संसद ठिक छ, त्यही संविधान ठिक छ, यही सबै ठिक छ तर पुराना पार्टी र नेताहरू ठिक भएनन् भन्छन् । त्यस्तो पनि विश्लेषण हुन्छ कहिँ रु पार्टीका आफ्ना मान्यता हुन्छन् । संसदीय व्यवस्था सुरु भएदेखिका मान्यता छन् । बेलायतदेखि नेपालमा अहिलेसम्म त्यही संसदीय व्यवस्था छ । सबै स्थितिका लागि त त्यही व्यवस्था जिम्मेवार छ नि त । नेपालमा केही हुन नसकेको त त्यही संसदीय व्यवस्थाले गर्दा हो नि त । यो सच्चाइलाई चाहिँ ढाकछोप गर्ने, अनि बेकारका नयाँ कुरा गर्ने रु यो भनेको उत्तरआधुनिकतावादी दृष्टिकोण हो । यो कसरी भने यसले इतिहासको अवमूल्यन गर्छ । यसको अर्थ पुराना दल र नेता ठिक छन् भन्ने होइन । पुराना संसदवादी दलहरू र नेताहरू मात्रै असफल भए भन्ने होइन, सत्ता र व्यवस्था पनि असफल भएको हो । तथ्य यही हो । यो बोध किन छैन जेनजीहरूमा ?

***व्यक्तिवाद र लोकप्रियतावाद नेपालको राजनीतिमा हावी भइरहेको देखिन्छ, यसलाई कसरी हेर्नु भएको छ ?***

कुनै पनि राजनीतिक पार्टीहरू एकाएक जन्मिएका होइनन् । सबैको इतिहास छ । त्यो इतिहासलाई ध्वस्त पार्ने, भर्खर टुसाएका (केही राम्रा पनि होलान हुनलाई) तर उनीहरू अमूक अमूक पार्टीका अमूक अमूक नेताका विरुद्ध आक्रमण केन्द्रित गर्छन् । अमूक अमूक पार्टीका अमूक अमूक नेताको एकहोरो गुणगान गाउँछन् । यो राजनीति होइन । राजनीति पनि उही, सिद्धान्त पनि उही, व्यवस्था पनि उही, पुराना नेताहरू ओली, प्रचण्ड, देउवाको नयाँ नेताहरू, युवाहरू नेतृत्वमा आउनुपर्छ भन्छन् । सारमा वैदेशिक प्रतिक्रियावादीहरूले एउटा प्रयोग (ट्रायल) पनि गर्न खोजेका हुन् ।

अरब बसन्तको कुरा खूब ल्याउने गरिन्छ । आखिरमा त्यो अमेरिकी साम्राज्यवादको पक्षमा चलाइएको एउटा आन्दोलन हो । राष्ट्रिय स्वाधीनता, सार्वभौमिकताको रक्षा गर्ने प्रश्नमा त्यो आन्दोलन केन्द्रित छैन । तानाशाह भए भनेर सरकारका विरुद्ध आन्दोलन गराउने अनि अर्को नयाँ तानाशाहलाई ल्याएर राख्ने काम गराइरहेको छ । अहिले भेनेजुएलाका मादुरोलाई टपक्क टिपेर अमेरिका पुर्‍यायो । विचित्र छ । घटना त्यस्तै घट्न थाले । समग्र विश्वको परिस्थिति हेर्दा यो दुनियाँ नयाँ उपनिवेशवादबाट फेरि उपनिवेशवादतिर फर्किन थालेको जस्तो देखिन्छ । डोनाल्ड ट्रम्पका जेजस्ता योजनाहरू छन्, साम्राज्यवादले त प्रत्यक्ष युद्ध लड्न थाल्यो । नवउपनिवेशवादले त अप्रत्यक्ष रूपमा आफ्ना दलालहरूमार्फत् आफ्ना स्वार्थहरू हासिल गर्ने गर्दथ्यो । यी सबै चिजहरूसँग नेपालको जेनजी परिघटना पनि जोडिएको छ । समग्रमा भन्दा देशको स्वाधीनताको रक्षाको प्रश्नमा थप खतरा पैदा भइरहेको छ ।

***अहिलेको फागुन २१ को चुनावबाट यो समग्र स्थितिको निकास दिन्छ भन्नेमा यहाँ विश्वस्त हुनुहुन्न ?***

चुनाव भएर के हुन्छ र रु त्यही प्रतिनिधिसभा (संसद)को पुनर्स्थापना हुने त हो । त्यसबाट मुलुकमा विद्यमान यावत समस्याको समाधान त हुन सक्दैन । अर्को महत्वपूर्ण कुरा के हो भने प्रत्यक्ष देखिदैन तर वास्तवमा राष्ट्रिय स्वाधीनतासँग जोडिएको प्रश्न पनि हो । तसर्थ, यो चुनावको कुनै अर्थ र औचित्य छैन । हाम्रो पार्टीले बहिस्कार गर्ने निर्णय गरेको छ । त्यो सही नै छ ।

***क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल लगायत ६ वटा कम्युनिस्ट पार्टीले संयुक्त रूपमा फागुन २१ को चुनाव बहिस्कार गर्ने निर्णय गरेका छन् । संघर्षका कार्यक्रमहरू पनि सार्वजनिक भएका छन् । देशको स्वाधीनताको स्थिति गम्भिर बनिरहेको अवस्थामा ६ वटा कम्युनिस्ट पार्टीसहित छरिएर रहेका क्रान्तिकारी कम्युनिस्टहरू र देशभक्तहरूलाई के सुझाब दिन चाहनुहुन्छ ?***

पहिलो, ६ वटा कम्युनिस्टहरू मिलेर निर्वाचन बहिस्कारका कार्यक्रम अगाडि बढाएका छन् । यो राम्रो कुरा हो । सबैले नयाँ जनवाद हुँदै वैज्ञानिक समाजवादतिर जानको निम्ति मिहिनेत गर्नुपर्छ- विकल्पको निम्ति । अरु व्यक्तिका विकल्प खोज्छन् । हामीले सत्ता र व्यवस्थाको विकल्प दिनु पर्दछ । यो राजनीतिक विकल्प पेश गरेपछि मान्छेहरू पनि आउँछन् ।

दोस्रो, सम्पूर्ण देशभक्तहरू एकढिक्का हुन जरुरी छ- जोसुकै होस् । नेपालको राष्ट्रिय स्वाधीनताको निम्ति सबै विचार र राजनीति बोक्ने पार्टी वा व्यक्तिहरू एकढिक्का हुन जरुरी हुन्छ । नयाँ ढंगले राष्ट्रिय स्वाधीनताको लडाइँ लड्न जरुरी छ । देशको निम्ति धैरै ठूलो खतरा आइरहेको छ ।

तेस्रो, हामीले नयाँ जनवाद हुँदै वैज्ञानिक समाजवादको निम्ति आफ्ना तयारीहरूलाई अगाडि बढाउने, मित्रहरूसँग गोलबन्द हुँदै जाने (अझ फराकिलो बनाउने), देशको राष्ट्रिय स्वाधीनताको पक्षमा उभिन्छन् भने जोसुकै उभियोस् न, एकताबद्ध भएर जानुपर्दछ । यही नै हो अहिलेको मूल कुरा ।

***जेनजी युवाहरूलाई चाहिँ के भन्न चाहनुहुन्छ रु के सन्देश दिन चाहनुहुन्छ ?***

जेनजी (नयाँ पुस्ता)ले सबैको प्रतिनिधित्व गर्दैनन् । अहिले जसले पनि जेनजीको प्रशंसा गरिरहेका छन् । हैरान छ । गुण र दोषका आधारमा हो मुल्यांकन गर्ने । रूपान्तरण हुनुपर्छ, परिवर्तन हुनुपर्छ, राम्रा मान्छे आउनुपर्छ, भनेर आन्दोलन गर्ने कुरा ठिकै छ । तर जेनजीवालाहरूले सिद्धान्त, विचारमा केन्द्रित भएर सोच्नुपर्छ । सिद्धान्त, विचार र राजनीतिलाई छोडेर खालि पुराना दलका पुराना नेता काम नलाग्ने भए भनेर मात्र त हुँदैन नि त । त्यसो गर्ने हो भने त त्यो राजनीति नै होइन । नयाँ के हो त रु परिवर्तन भन्छन् । विचारै छैन के को परिवर्तन रु त्यसकारण जेनजी युवाहरूले साँच्चै नेपाल र नेपाली समाजकोको रूपान्तरण गर्न चाहेको हो भने नयाँ विचारधारा, नयाँ विश्वदृष्टिकोण, नयाँ सिद्धान्त, नयाँ राजनीतिक कार्यक्रम, कार्यदिशा, नीति, नयाँ संगठन लिएर आउनुपर्‍यो ।

## निर्वाचन बहिष्कार...

मौखिक अवधारणा प्रस्तुत गर्नु भएको थियो । कार्यक्रममा अतिथिहरूले सरकारले घोषणा गरेको आगामि फागुन २१ गते गर्ने भनिएको निर्वाचनले जनताको माग र आवश्यकताको सम्बोधन गर्न नसक्ने बताउनु भयो । कार्यक्रमको संचालन संघर्ष समितिका सदस्य बाबुराम आचार्यको रहेको थियो । भने कार्यक्रमको स्वागत नेकपा बहुमतका के.स.विनोद मरासिनीको रहेको थियो ।

## माघ ५...

उहाँहरूलाई सोही दिन बेलुका मात्र रिहा गरिएको थियो ।

सीपी गजुरेलको संयोजकत्वमा गठित केन्द्रीय संयुक्त संघर्ष समितिमा रामसिंह श्रीस, शारदा महत, धर्मेन्द्र बास्तोला, दीपक चलाउने, रूपा बुढा, आहुति, राजेश्वरी सुवेदी, रूपा सुनार, महिन्द्र मल्ल, दिनेश बर्तौला, इन्दिरा अधिकारी, ऋषि कट्टेल, खेमनारायण ढुङ्गाना, शशी घिमिरे, समरजंग र समिर सिंह सदस्य रहनुभएको छ ।

केन्द्रीय संयुक्त संघर्ष समितिको नाममा संयोजक सीपी गजुरेलले यसअघि नै प्रेस वक्तव्यमावर्लत् संघर्षका कार्यक्रम सार्वजनिक गर्नुभएको थियो ।

घोषित कार्यक्रमअन्तर्गत माघ २ गते इटहरी, जनकपुर, सिमरा, चितवन, पोखरा, बुटवल, दाङ, नेपालगन्ज र धनगढीमा निर्वाचनको औचित्यहीनताबारे अन्तर्क्रिया गोष्ठी सम्पन्न गरिएको छ ।

घोषित कार्यक्रम अनुसार नै माघ ५ गते देशव्यापी विरोध प्रदर्शनको आयोजना गरिएको छ । कार्यक्रमका लागि ६ वटै पार्टीको गरियो कार्यविभाजन समेत गरिएको थियो ।

केन्द्रीय संयुक्त संघर्ष समितिले संघर्षका कार्यक्रमहरू कार्यान्वयनका लागि संयोजन र अन्तरक्रियाका कार्यक्रमका लागि नेताहरूको कार्यविभाजन गरेको थियो ।

जस अनुसार क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालले पाँचथर, भोजपुर, ओखलढुंगा, सर्लाही, बारा, सिन्धुली, दोलखा, रसुवा, नुवाकोट, धादिङ, लमजुङ, गोरखा, बागलुङ, गुल्मी, प्युठान, परासी, रूपन्देही, रोल्पा, रुकुम पूर्व, दाङ, सल्यान, दैलेख, कालीकोट, बाँके, कंचनपुर, डडेलधुरा, अछाम, भारत, जापानलगायतका जिल्ला र स्थानमा संयोजन गर्ने, नेकपा (बहुमत)ले ताप्लेजुङ, इलाम, सप्तरी, पर्सा, सिन्धुपाल्चोक, काभ्रे, काठमाण्डौ, कास्की, स्याङ्जा, कपिलवस्तु, रुकुम पश्चिम, सुर्खेत, जुम्ला, मुगु, बर्दिया, डोटी, बैतडी जिल्लामा संयोजनको भूमिका खेल्ने, वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टीले सुनसरी, महोत्तरी, सिराहा, खोटाङ, उदयपुर, सोलु, रौतहट, चितवन, रामेछाप, भक्तपुर, नवलपुर, कैलाली, बझाङ, बाजुरा, कोरिया, हङकङ, युरोप, मलेसिया, कतार, युएइमा संयोजनको काम गर्ने, नेकपा (जनपक्ष)ले झापा, धनकुटा, मकवानपुर, अर्घाखाँची, हुम्ला, दार्चुलामा संयोजन गर्ने, नेकपाले मोरङ र ललितपुर र समाजवादी कम्युनिस्ट पार्टीले पाल्पा, जाजरकोटमा संयोजनको काम गर्ने निर्णय गरिएको थियो । र, सोही अनुसार ती जिल्लाहरूमा मशाल जुलुस, अन्तरक्रिया र विरोध प्रदर्शनका कार्यक्रमहरू भएको सम्बद्ध स्रोतले जानकारी दिएको छ ।

त्यसैगरी माघ २ गते (शुक्रबार) सम्पन्न अन्तरक्रिया कार्यक्रमका लागि स्थान र कार्यक्रमको नेतृत्व गर्ने नेताहरूको पनि कार्यविभाजन गरिएको थियो । प्राप्त जानकारी अनुसार इटहरि : ऋषि कटेल, जनकपुर : धर्मेन्द्र बास्तोला, सिमरा : रामसिंह, चितवन : आहुति, पोखरा : वसन्त बोगटी, बुटवल : सन्तबहादुर नेपाली, नेपालगंज : समरसिंह, सुर्खेत :दिपक चलाउनेको नेतृत्वमा अन्तरक्रिया कार्यक्रम भव्य रूपमा सम्पन्न भएका छन् ।

यसैबिच, संयुक्त संघर्ष समितिले जनसमुदायको नाममा एउटा अपिल समेत जारी गरेको छ । ‘अवस्था फेर्न व्यवस्था फरौं !’ शीर्षकमा जारी अपिलमा भनिएको छ, “

“भाद्र २३ र २४ को जेन जी विद्रोह पछिको नेपालको राजनैतिक स्थितिमा अहिले नयाँ मोड आएको छ । त्यस विद्रोहको मुख्य कारण २०६२ मंसिरमा कांग्रेस, एमाले लगायतका दलहरूका प्रमुख नेतृत्व र तत्कालीन नेकपा (माओवादी) को नेतृत्व बीच दिल्लीमा भएको १२ बुँदे सम्झौताको जगमा स्थापित पुरानो लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था र यसका दलाल तथा नोकरशाही पूँजीपति वर्गका शासकहरू र विदेशी प्रतिक्रियावादीहरूले आम नेपाली जनताका जनजीविका, जनतन्त्र र राष्ट्रियताका समस्याहरू समाधान गर्न नसक्नु हो । कांग्रेस, एमाले र तत्कालीन माओवादीको बहुसंख्यक नेताहरूको दलाल तथा नोकरशाही पूँजीपति वर्गमा वर्ग परिवर्तन हुनु र यसका बहुसंख्यक कार्यकर्ताहरू पनि त्यस वर्गको चाकर तथा अनुयायीहरूमा वर्ग परिवर्तन हुनुले २०६३ देखि २०८२ सम्म सरकार र सत्तामा हालिमुहालि चलाएका यी ३ दल तथा त्यसका प्रमुख नेताहरूका विरूद्ध जन आक्रोश विस्फोट हुनु स्वभाविक थियो । भदौ २३ र २४ को जेन जी विद्रोहले अभिव्यक्त गरेको परिवर्तनको आकांक्षा र नेपाली जनताले लामो समय देखि नयाँ अग्रगामी राजनीतिक व्यवस्थाका निम्ति गर्दै आएको पहलकदमीको आधारमा बहुसंख्यक जनताको हित गर्ने जनपक्षीय राजनीतिक व्यवस्था स्थापना गर्नु जनआकांक्षा हो ।

जनताको पक्षमा सुशासन, भ्रष्टाचार नियन्त्रण र तीब्र गतिमा आर्थिक क्रान्ति गर्दै स्वदेशमै लाखौ संख्यामा रोजगारी श्रृजना गर्नु आम नेपाली जनताको मुख्य माग हो । केन्द्रीय संयुक्त संघर्ष समिति जनताको यही का पुरा गर्न नयाँ जनपक्षीय र देशभक्तिपूर्ण राष्ट्रिय सहमतिका लागि हार्दिक अपिल गर्दछ । वर्तमान प्रधानमन्त्री र राष्ट्रपति तथा अमेरिकी साम्राज्यवाद र भारीतय प्रतिक्रियावादी शासक वर्गले नेपालमा जेन जी विद्रोहमा अभिव्यक्त जनताका जायज मागहरूलाई अपहरण गरेर दलाल तथा नोकरशाही पूँजीपति वर्ग र साम्राज्यवादको सेवा गर्ने पुरानै जनविरोधी अर्थ राजनैतिक प्रणाली ९व्यवस्था० लाई फागुन २१ को चुनाव मार्फत नयाँ रूपमा पुनस्थापना गरी आम नेपाली जनतामाथि नयाँ र पुराना दलाल तथा नोकरशाही पूँजीपतिहरूको शासन लाद्ने षडयन्त्र गरिरहेका छन । यस षड्यन्त्रलाई असफल पारिएन भने पुरानै जनविरोधी राजनीति र पुरानै जनविरोधी अर्थनीतिले नयाँ रूप रंगमा नेपाली जनतामाथि शासन गर्नेछ र राष्ट्रियता समेत खतरामा पर्ने हुन सक्दछ । केन्द्रीय संयुक्त संघर्ष समिति र त्यसको समर्थनमा उभिने सबै दल त्यसको घोर भर्त्सना गर्दछौं ।

दलाल तथा नोकरशाही पूँजीपति, ठूला भगौडा पूँजीपति र विदेशी पूँजीपतिहरूको सेवा गर्ने सरकार, सत्ता, राजनैतिक प्रणाली, अर्थनीति र चुनावी प्रणाली सबै यथावत राखेर यथास्थितिमा गरिने चुनावले देश र जनताका शत्रु वर्ग कै सेवा गर्ने प्रष्ट छ । त्यस्तो चुनावमा न त पुराना ञशासक संसदीय दलहरूको पूर्ण पराजय सम्भव छ, न त हौवा फैलाइए जस्तो नयाँ दलाल तथा नोकरशाही पूँजीपति वर्गको दल कै दुई तिहाई बहुमत आउने सम्भावना रहन्छ । संसदीय चुनाव लड्न करोडौं खर्च गर्नुपर्ने चुनावी प्रणालीमा गरिब मजदुर, किसान र मध्यम वर्गले बहुमत जित्न असम्भव छ । जनताको पक्षमा लड्ने र जनताको पक्षमा काम गर्ने पार्टीहरूले दुई तिहाई ल्याएर चुनावी माध्यमबाट जनताको पक्षमा संविधान बनाउने र जनताको सरकार बनाउने भन्ने कुरा असम्भव छ ।

यथास्थितिमा गरिने चुनावले पुराना दलाल तथा नोकरशाही पूँजीपति वर्गका ुश्री ३ हरू र त्यसको नेतृत्वमा रहेको दलालहरूको ठाउँमा नयाँ अनुहारका दलाल तथा नोकरशाही पूँजीपति वर्गको सरकार त बन्न सक्छ तर आम नेपाली जनताको वास्तविक प्रतिनिधित्व गर्ने सरकार बन्न असम्भव छ । तसर्थकेन्द्रीय संयुक्त संघर्ष समिति यो आव्हान गर्दछ कि देश र जनताको पक्षमा नयाँ अग्रगामी राष्ट्रिय सहमति कायम गरेर जनताको स्वाधीन संयुक्त जनसरकार र जनसंविधान बनाएर मात्रै जनताको वास्तविक प्रतिनिधित्व गर्ने प्रतिनिधिसभाको चुनाव हुन सक्दछ । यो नै सही बाटो र सही विकल्प हो । तसर्थ आगामी फागुन २१ को कथित चुनाव खारेज गरी अग्रगामी न्यूनतम राष्ट्रिय सहमति कायम गर्न संवादको थालनीको लागि अपिल गर्दछौं। यदि सरकारले यस आग्रहलाई अस्वीकार गर्दै यथास्थितिमा चुनाव गराउने तिर लाग्छ भने त्यस्तो जनविरोधी यथास्थितिवादी चुनाव बहिष्कार तथा खारेज गर्न सबै जनसमुदायमा आव्हान गर्दछौं ।

हामी जोडदार माग गर्दछौं कि जनताको स्वाधीन संयुक्त जनसरकार गठन र जन संविधान सुनिश्चित गर्ने अग्रगामी राष्ट्रिय सहमति कायम नगरी यथास्थितिमा कुनै पनि निर्वाचन नगरियोस । साथैकेन्द्रीय संघर्ष समिति, त्यसमा आबद्ध दल, त्यस नजिकका जन संगठन र वर्गीय संगठन तथा समस्त उत्पीडित नेपाली जनताले उठाएका मागहरू जस्तैः विदेशमा रहेका ५० औं लाख नेपालीको मताधिकार सुनिश्चित नगरी, मजदुर किसान, अर्ध बेरोजगार र बेरोजगारका समस्या समाधान हुने संवैधानिक व्यवस्था नगरी, मिटरब्याज, सहकारी एवं समग्र वित्तीय क्षेत्रबाट पीडित जनताका समस्या समाधान नगरी, सुकुम्बासी एवं प्रकृति पीडितका समस्या समाधान नगरी, आम जनताका लागि निशुल्क शिक्षा, स्वास्थ्यको व्यवस्था नगरी, ट्याक्सी, बस, ढुवानी मजदुर एवं व्यवसायीका समस्या समाधान नगरी, राष्ट्रिय औद्योगिकरणको नीति तय नगरी, नेपाली सेना, नेपाल प्रहरी र बहिगर्मित जनमुक्ति सेनाका समस्या समाधान नगरी र समग्रमा देशको राष्ट्रिय स्वाधीनता, लोकतन्त्र र समृद्धि सुनिश्चित हुने संवैधानिक व्यवस्था नगरी यथास्थितिमा गरिने चुनावलाई बहिष्कार एवं खारेज गर्न केन्द्रीय संयुक्त संघर्ष समिति आम नेपाली जनतामा हार्दिक अपिल गर्दछ ।”

## खाँचो...

सत्ता र व्यवस्था बदलिएन । व्यवस्थाका अवयवको रूपमा रहेको सेना, कर्मचारी प्रशासन, न्यायालय र समग्र उत्पादन प्रणाली, अर्थतन्त्रमा कुनै बदलाव आएन । परिणामतः राष्ट्रघात र जनघातका श्रृंखलाहरूमा बढोत्तरी हुँदै गयो । शासनसत्ताको नेतृत्व फेरिदैमा सत्ता र व्यवस्था जनमुखी हुन सक्दैन भन्ने कुरा दिनको घामझै छर्लङ्ग भइसकेको छ । यसलाई चरितार्थ हुने गरी नेपाली समाजमा एउटा उखानै स्थापित भएको छ कि ‘जुन जोगी आएपनि कानै चिरेको’ ।

भदौ २३ र २४ मा भएको जेनजी विद्रोह संसदीय व्यवस्था र संसदवादी दलहरूको असफलताको परिणाम थियो । यो असफलताका कारण स्वतःस्फूर्त जनता सडकमा आउने परिस्थिति बन्यो । जेनजी विद्रोहको मूल जनादेश भनेको सत्ता, संविधान र व्यवस्था परिवर्तन हो तर साम्राज्यवादी, विस्तारवादी र तिनका घरेलु दलालहरूले यो विद्रोहलाई व्यवस्था परिवर्तनतर्फ जान नदिन हाइज्याक गरे र संसदीय व्यवस्थालाई नै फेरि पनि कायम राख्ने खेलहरू भए । त्यही संसद र संविधान यथावत राख्ने भए किन यत्रो विध्वंश मच्चाउनु पर्दथ्यो । केपी ओलीको सरकार ढाल्नका लागि मात्र जेनजी विद्रोहको डिजाइन गरिएको थियो भन्ने कुरा स्थापित भएको छ । फेरि पनि एक थान चुनावको नौटंकी गरेर यथास्थितिलाई कायम राख्ने र अग्रगामी परिवर्तनलाई रोक्ने अनेकन षड्यन्त्र भइरहेका छन् । समाज विज्ञानको इतिहासले पुष्टि गरेको छ कि कुनै पनि समाजलाई यथास्थितिमा अल्झाउन, रोक्न सकिन्न ।

समाज गतिशील हुन्छ र परिवर्तन अपरिहार्य बन्दछ । नेपालमा अग्रगामी र जनपक्षीय राजनीतिक प्रणालीको आवश्यकता ऐतिहासिक रूपमा टड्कारो बनेको छ । यो परिवर्तनका निम्ति यो देशका सच्चा कम्युनिस्ट क्रान्तिकारी र देशभक्तहरूले यसको लागि पहलकदमी गरिरहेका पनि छन् । व्यवस्था नफेरी जनताको अवस्था फेरिन्न भन्दै क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल लगायत ६ वटा क्रान्तिकारी कम्युनिस्टहरूले फागुन २१ को देशघाती र जनघाती कथित निर्वाचनको बहिस्कार गर्दै देशमा स्वाधीन संयुक्त जनसरकार र जनसंविधानको निर्माणको लक्ष्य राखेर संघर्षमा होमिएका छन् ।

अब देशको स्वाधीनता, सार्वभौमिकता र क्षेत्रीय अखण्डताको रक्षा यही क्रान्तिकारी देशभक्त राजनीतिक शक्तिबाट मात्रै सम्भव देखिन्छ । तसर्थ, वर्तमान दलाल संसदीय व्यवस्थामा आधारित संघीय लोकतान्त्रिक गणतन्त्रको अन्त्य गरी नयाँ जनवादी व्यवस्थामा आधारित संघीय जनगणतन्त्र र जनसंविधान स्थापनार्थ सम्पूर्ण देशभक्त जेनजी युवाहरू पनि लागिपर्न जरुरी छ । समस्या एकातिर समाधान अर्कोतिर खोज्नु मुर्खता हो । समस्या जहाँ हो समाधान पनि त्यही खोज्न र हुन जरुरी छ । तसर्थ, ‘अवस्था फेर्न व्यवस्था फेरौ’ भन्ने मूल नारामा विश्वभर छरिएर रहेका सबै देशभक्त र क्रान्तिकारी युवाहरू, स्वाभिमानी नेपालीहरू एकताबद्ध भएर यो जनसंघर्षलाई राष्ट्रिय प्रतिरोध संघर्षमा उठाउँदै लक्षित गन्तव्य हासिल गर्न अविचल रूपमा अगाडि बढ्न जरुरी छ ।

# आलोपालो

## सामाजिक सुधारवादको परिणाम र संशोधनवादको सामान्य प्रकृति

**यदि हामीले क्षणभरको लागि मजदुरहरूको अवस्थामा तत्काल सुधारमाथि विचार नगर्ने हो भने, जुन हाम्रो पार्टी कार्यक्रम र संशोधनवाद, दुवैको साझा उद्देश्य हो–तब दुवै दृष्टिकोणको बीचको फरक संक्षेपमा यसप्रकार छ । पार्टीको विद्यमान धारणाअनुसार ट्रेड युनियन कार्य तथा संसदीय कार्य समाजवादी आन्दोलनको लागि यसकारण महत्वपूर्ण छ कि यी कार्यहरूले समाजवादको सिद्धिको लागि सर्वहारालाई तयार गर्दछ, अर्थात् समाजवादी रूपान्तरणलाई मनोगत कारकको सिर्जना गर्दछ ।**



● रोजा लक्जेम्बर्ग ●

पहिलो अध्यायमा हाम्रो उद्देश्य यो देखाउनु थियो कि बर्नस्टाइनको सिद्धान्तले समाजवादी आन्दोलनको कार्यक्रमलाई त्यसको भौतिक जगबाट उखालेर विचारवादी आदर्शमा उभ्याउने प्रयास गरेको थियो । तर व्यवहारको कसीमा यस सिद्धान्तको कस्तो अवस्था होला ?

पहिलो तुलनाको आधारमा, बर्नस्टाइनको सिद्धान्तको आधारमा पार्टीको कामकाज अहिलेसम्म सामाजिक जनवादको कामकाजभन्दा फरक देखिंदैन । पहिले सामाजिक जनवादी पार्टीको क्रियाकलाप ट्रेड युनियनको काम, समाज सुधारको आन्दोलन र विद्यमान राजनीतिक संस्थाहरूको लोकतान्त्रिकरणको आन्दोलनमा आधारित हुन्थ्यो । फरक के मा छैन होइन, कसरी मा छ ।

आज ट्रेड युनियन संघर्षलाई र संसदीय कार्यलाई सत्ता ग्रहण गर्ने तयारीको लागि सर्वहारालाई बाटो देखाउने र शिक्षित गर्ने साधन मानिन्छ । संशोधनवादी दृष्टिकोणबाट सत्ताको यो विजय एकैसाथ असम्भव पनि र अनुपयोगी पनि छ । यसकारण पार्टीलाई चाहिन्छ कि ट्रेड युनियन कार्य र संसदीय कार्य मात्र तत्कालीन परिणामहरूको लागि चलाइयोस्, यर्थात् मजदुरहरूको विद्यमान स्थिति राम्रो बनाउन, पुँजीवादी शोषण क्रमशः कम गर्न र सामाजिक नियन्त्रण बढाउनको लागि ।

यसप्रकार, यदि हामीले क्षणभरको लागि मजदुरहरूको अवस्थामा तत्काल सुधारमाथि विचार नगर्ने हो भने, जुन हाम्रो पार्टी कार्यक्रम र संशोधनवाद, दुवैको साझा उद्देश्य हो-तब दुवै दृष्टिकोणको बीचको फरक संक्षेपमा यसप्रकार छ । पार्टीको विद्यमान धारणाअनुसार ट्रेड युनियन कार्य तथा संसदीय कार्य समाजवादी आन्दोलनको लागि यसकारण महत्वपूर्ण छ कि यी कार्यहरूले समाजवादको सिद्धिको लागि सर्वहारालाई तयार गर्दछ, अर्थात् समाजवादी रूपान्तरणलाई मनोगत कारकको सिर्जना गर्दछ । तर बर्नस्टाइनका अनुसार ट्रेड युनियन तथा संसदीय कार्यले स्वयं पुँजीवादी शोषणमा क्रमशः कमी ल्याउँदछ । त्यसले पुँजीवादी समाजबाट त्यसको पुँजीवादी चरित्रलाई हटाउँदछ । त्यसले वस्तुगत स्तरमा वान्छित सामाजिक पविर्तनलाई साकार गर्दछ ।

विषयमाथि अझ बाँकी ४ पेजमा


## सार्वजनिक सेवा लिँदा ध्यान दिऔं

- आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
- आवश्यक कागजात/प्रक्रिया पूरा गरौं,
- नागरिक बडापत्रका बारेमा जानकारी राखौं,
- आधिकारिक सेवा प्रदायकबाट मात्र सेवा लिऔं,
- सेवा प्राप्त गर्दा बिचौलियाको प्रयोग नगरौं,
- सकेसम्म अनलाइनबाटै सेवा लिने र दिने गरौं,
- ज्येष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिलाई प्राथमिकता दिऔं,
- सेवा प्रवाहमा समस्या देखिए सम्बन्धित निकायमा सम्पर्क गरौं,
- अनियमितता र भ्रष्टाचारविरुद्ध उजुरी गरौं,

**सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं ।**

नेपाल सरकार

**विज्ञापन बोर्ड**


## Some....

agricultural capitalist as a class essentially did not exist: he was the feudal landlord. The same applied to the Chinese New Democratic Revolution, there was no proper class of agricultural capitalists, and so the only viable policy was that of redistribution. However, in Nepal today, the former feudal landlords have largely become agricultural capitalists who hire wage-labor.

What then ought to be the policy of the New Democratic Revolution in Nepal with respect to the agrarian capitalist? It can be nothing but enmity. The Agrarian proletariat and the petit bourgeois farmer are both in contradiction and even in antagonism with the class of agrarian capitalist. Moreover, as has been demonstrated, they hold the two levers of production which are most desired by the rural proletariat i.e., the subject of labor (land) and the instruments of labor. In order to be able to truly organize the masses and be one with them and lead them, we must do away with reservations of calling the agrarian capitalist our class enemy. The agrarian capitalist is the real oppressor and domineer in the countryside. They are moreover, enmeshed completely with financial institutions (finance-capital). They are dependent on finance-capital and thus are the rural lapdogs of finance-capital.

Here, there will be those who would seek to give an olive branch to the agrarian bourgeoisie to say: "We cannot be enemies with them." In this camp of course fall the Biplavites who have completely fallen into the ranks of electoralism, class-collaborationism and parliamentary cretinism. Yet, to not declare them our enemy, to not struggle against them would, beyond the simple fact of being class-collaborationist treason, would only weaken the revolutionary communists. The proletariat who are ever mindful of the actions of all political actors would recognize this as nothing but an act of treason. And why should they support a party who engages only in revolutionary phraseology but refuses to really struggle for their interests? It must be remembered that the New Democratic Revolution is the democratic revolution of a new type, the democratic revolution led by the proletariat. And without the participation of the proletariat, without their support, we move not one millimeter forward in our endeavors.

Does it suffice though simply to call the agrarian capitalist our class enemy? It does not. What matters is what we decide to do programmatically. Here, as has been mentioned above, the policy of redistribution of bourgeois property is retrogressive. Redistribution of land is akin to returning from factory production to manufacture in an industrial setting, not only is it retrogressive, it is, to put it bluntly, reactionary. Marx called not for petit bourgeois socialism, but for communism. The correct policy here therefore, is the forceful seizure of land by the proletariat and the socialization of land and the products of the land. The correct policy is that of socialization. By doing this the rural proletariat creates rural soviets which are the economic and political levers of social life. The dictatorship of the proletariat and petit bourgeoise here then, becomes an established fact.

Therefore, the policy of land redistribution is largely incorrect. This is due to the bourgeoisification of agriculture. And the correct policy in terms of agriculture is socialization on the one-hand and the creation of cooperatives on the other. The views presented here in this article are writer,s personal views .

## मुक्तिको...

लागेर आउँछ । यी र यस्तै मृत्युलाई नजिकैबाट चुमेर आफ्नो जिम्मेवारी निभाउँदै जानु भयो।

२०६१ कार्तिक ३१ गते लमजुङ जिल्लाको बेतनिमा शाही जल्लादहरूसंग लड्दा लड्दै हिरा थापा निमाको सहादत भयो । चितवन शक्तिखोर गाबिस देविटारमा रहेको निमाको घरमा पार्टीले २०६१ मंसिर २३ गते श्रद्धाञ्जली कार्यक्रम आयोजना गरेको थियो । समुहमा नजाने, सबैजना छुट्टाछुट्टै देविटार पुग्ने योजना बनेको थियो । शशी आन्टी व्यवस्थापन कार्यको लागि पहिला जाने सल्लाह थियो । कार्यक्रमको सुचना चुहिएर शाहि सेनासम्म पुगेको कसैलाई पत्तै भएन । शक्तिखोर बजारसम्मै सादा पोशाकमा शाही सेना परिचालित भइसकेको रहेछ । जुटपानी गाबिसको कालिका चोकबाट देविटार जानलाई खोला तर्ने बेलामा शशी आन्टीलाई बाजले चल्ला टिपेझैं झम्टिएर सेनाले कब्जामा लियो । शक्तिखोरबाट क लक्ष्मी खरेल गितालाई पनि नियन्त्रणमा लिइसकेको रहेछ । का गिता नवलपरासी घर भई कार्यक्षेत्र चितवन थियो । सेना सिभिलमा परिचालन भएकोले गाडीसंगै थिएन । गाडी आइपुग्नु अबेर हुने देखेर उनिहरूले शक्तिखोरको एकजना नेवार थरका चालकले सामान ढुवानी गर्ने गाडी जबर्जस्ति खोसेर शशी आन्टी र गितालाई त्यसैमा हालेर लिएर गए । यो खबर हावाको बेगभन्दा छिटो चारैतिर फैलियो ।

१०/१५ मिनेट अगाडि छुट्टिएको जिवनसाथिको गिरफ्तारीको खबर जुटपानीमा रहनुभएको गोर्खाली अंकलसम्म आइपुगी हाल्यो । आफुले टेकि रहेको धर्ती अचानक पछाडि सर्दै गरेको जस्तो भयो । पीडा र आक्रोश संगसंगै थियो । गिरफ्तार गरिएकाहरूलाई अकल्पनीय यातना दिएर आत्मसमर्पण गराउने कोशिश गर्थे । आत्मसमर्पण गरेपनि, नगरेपनि झुठा मुठभेडमा हत्याको शृङ्खला जारी नै थियो । अझ महिलाहरूलाई निर्बस्त्र गाउँ घुमाउने, संवेदनशील अंगहरूमा चुरोटको ठुटाले पोल्दिने, यौन दुर्व्यवहार, सामुहिक बलात्कार गर्ने र अन्त्यमा हत्या गर्ने शाही सेनाको आम चरित्र बनी सकेको थियो । दुस्मनका यातना शिबिर भित्र पुरुष कमरेडहरूले कल्पना गर्नु नपर्ने बर्बरता महिला कमरेडहरूले झेलेर दृढतापुर्वक लडेका सयौ उदाहरण भित्र आफ्नो सबैभन्दा प्रिय मान्छेले पाउन सक्ने यातना सम्झेरै गोर्खालिलाई असैह्य पीडा भइरह्यो । यहि बिचमा टिकौली प्रहरी चौकी सम्म जिवित पुर्‍याएको भन्ने खबर पनि हावा झैं सनसनी आउदा कतै मारी हाल्दैन कि भन्ने आशाको त्यान्द्रो समाएर गोर्खालिले ननिदाएरै रात काट्नु भयो । मुटुका हरेक धड्कन आफ्नो प्रियको पीडा सम्झेर रोकिएला जस्तो हुन्थ्यो । भोलिपल्ट २०६१ मंसिर २४ गते बिहानै दोहोरो भिडन्तमा परि आतंककारी कमाण्डर शशी रेग्मिको मृत्यु भन्ने समाचार रेडियोमा बज्दा आशाको तान्द्रो पनि चुडिएर उभिएको धर्ती भासिएकाको जस्तो भयो ।त्यो दिनको सम्झना आज पनि चहराउछ उहाँलाई ।

मरहट्टा आमा घरमा एक्लै हुनुहुन्थ्यो, बा मन्दिरको पुजारी भएकाले उतै हुनुहुन्थ्यो । सबिनले फोन गरेर आमा ममिलाई सेनाले हत्या गर्यो । ममि हुनु हुन्न भनेको सम्म सुनेपछि उसले अरु के के भन्यो थाहै भएन । आँखा अगाडि छोरी शशिकलाको बालापन र हाँसो सिनेमाको दृश्य झै घुम्न थाल्यो । अधिल्लो दिन मात्र लामो कुरा गरेर जनताको बिचमा आफू र परिवार सुरक्षीत रहेकोमा ढुक्क हुनु भनेकी छोरी चौबीस घण्टा नबित्दै गुमाउनु परेको पिडा व्यक्त गर्ने शब्द नपाएर उकुसमुकुस परेको मनको भाका आखाबाट बगिरहेको थिए । अरु मार्फत पठाएको खबर पाएर बुबा घर आउनु भयो । आमासँग मुखले भन्ने शब्द नै थिएन । आँखामा बगिरहेको आँशु र भक्कानोले उँहाले अनुमान लगाउनु भयो । सेनाको व्यापक दमन बिच पनि छोरीको सास नभए पनि लास हेर्ने झिनो आशाले घरमा बस्न दिएन र चितवन झर्नु भयो । घटना घटेको झण्डै बीस वर्ष पछी हामी गुञ्जनगर गोर्खाली अंकलको आँगनमा त्यो घटना बारे कुरा गरिरहेका थियौं । ती काहाली लाग्दो दिनको कुरा बताउदै गर्दा खाटा बसेको घाउको पाप्रा कोट्याएर चहराए झै उमेरले असी नाघेका अनुहारमा चाउरिएका खोल्साबाट बगेका आँशुका धाराले बोलिरहेको भान भयो ।

आफ्नो सन्तानको मृत शरिर हेर्न सेनाको काडेतार भित्र सयौ ठाउँमा खान तलासि, अपमान, सुन्न नसकिने गाली गलौज सहेर कागजको चिर्कटो बोकेर घण्टौसम्म अनुनय बिनय गरे पछि साँझ तिर भरतपुर अस्पतालको शवगृहमा बुबालाई मात्र छोरीको लास टाउको ढाकेर भेट्न दिएको क्षण सम्झिदा आज पनि संसार अँध्यारो लागिरहने कुरा बताउदा आमाको अनुहारमा आज पनि पिडाको कति गहिरो अँध्यारो महसुस भयो । म अन्तिम पटक छोरीको मुख हेर्छु भनी धेरै चोटि बिन्ती गरेर रुँदा ुतपाईं अनुहार हेर्न सक्नु हुन्न, शरीर हेरेर चिन्नु भयो तु भनी सोधे । आफ्नो सन्तान चिन्न मरहट्टा बालाई अनुहार नै हेरिरहनु जरुरी थिएन । अनुहार देखाउन नसक्ने गरि कति क्रूरर यातना दिएर हत्या गरे होलान रु शासकहरूको फासिवादी चरीत्र स्पष्ट देखियो । अर्धचेत अवस्थामा त्यहाबाट फर्किएको दिन संझेर संसारमा कुनै आमा बुबाले यस्तो देख्न नपरोस् भन्दै भक्कानिनु भएको वृद्ध आमा बाबालाई सम्हाल्ने कुनै शब्द नपाएर अवाक बनेको म कतिखेर आँखाबाट आँशु बग्न थाल्यो पत्तो नै पाइएन । परिवारले हाम्रो मान्छेको अन्तिम संस्कार गर्न पाउनुपर्ने माग गरेर सैन्य ब्यारेक धेरै पटक पुग्नु भयो तर यो लास लैजाने हो भने उसको श्रीमान आउनु पर्ने भनी गोर्खाली अंकलको आत्मसमर्पण वा हत्याको बार्गेनिङ गर्न थाले पछि परिवारले ब्यारेक जान बन्द गरि दिनु भएको थियो । यसरी एक साहशी योद्धा, जनताको प्रिय नेता र निडर आमाको शाही जल्लादहरूले कब्जामा लिएर निर्मम यातना दिएर हत्या गरे ।

शशि अन्टिको हत्या गरिएको समाचार मैले कास्की कारागारमा थाहा पाएँ । क्रान्तिको रफ्तारसंगै बलिदानको शृङ्खला जारी थियो । राज्य झन पछि झन तिल्मिलाएर क्रुर र फासिष्ट बन्दै गैरहेको थियो ।थुप्रै प्रियजनहरूको हत्याको समाचारमा उहाको हत्याले धेरै उद्देलित बनायो । आँखा अगाडि रिकेश र सबिनको बालपनपन, अन्टिसंग बिताएका हरेक क्षण सिनेमाको रिल झै घुमी रहे ।

निजी स्वार्थ भन्दा माथी उठेर आफ्नो घरमा तल्चा नै ठोकेर देशमा आमूल परिवर्तन गने र उत्पीडित सर्वहारा वर्गको सत्ता निर्माण गर्ने सपना महान जनयुद्धलाई सम्झौतामा सत्तासंग साटिएको कारण आज अपुरो भएको छ । अन्टि तपाईंले देखेको क्रान्ती पूरा हुने सपनाको बीउ मर्ने छैन । भुङ्ग्रो भित्र लुकेको क्रान्तिको दावानल एक दिन फेरि भर्भराएर उठने छ । भुंग्रो जोगाएर राख्न सके कसैले त दाउरा जोर्ने छ । हामी दाउरा बटुल्दै छौं । प्रिय अन्टि, मुक्तिको मसाल फेरि भर्भराएर बल्ने छ ।






**प्रकाशक** : वर्गदृस्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटो**ः जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi2073@gmail .com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।